

# टेवाको एक दशक

## वार्षिकोत्सव अंक

टेवा Tewa

शान्ति र लोकतन्त्रको लागि महिलाको सहभागिता र सशक्तिकरण

Celebrating 10 Years 1996-2006



मान्छे बन्नु भनेको आफ्नो
साँगुरो स्वार्थी अस्तित्वबाट
मुक्त भएर बिस्तारित हुनु हो,
बिशाल बन्नु हो र अरुका
निम्ति पनि सोचेर उनीहरुको
भौतिक, आर्थिक, नैतिक वा
अन्य कुनै पनि आवश्यक क्षेत्रमा
केहि सहयोग पुऱ्याइ
आफ्नो पनि मानव जीवनमा
परितुष्टिको अनभूति गर्नु हो।

**- अगुँरबाबा जोशी**

# विषय सूचि

टेवा अध्यक्षबाट सन्देश । म्यागी शाह ........ १
एक सफलताको खुड्किलो । द्रौपदी रोकाया ........ २
कृतज्ञता ज्ञापन । दिपक देवान र जानकी शाह ........ ३
टेवाः मेरो अनुभव र अनुभूति । शीतल शाक्य बज्राचार्य........ ४
टेवामा मेरो अनुभव । सुनिल बस्नेत........ ५
म टेवामा आउँदा । अनिमा श्रेष्ठ........ ६
टेवा आउँदाको क्षण । लक्ष्मी महर्जन........ ७
ड्राइभरको पनि आफ्नै अनुभव । कान्छो श्रेष्ठ........ ८
जीवनका पिडाहरूमा टेवाको देन । राम देउला........ ९
मेरो गन्तब्यमा टेवा । श्री बहादुर अधिकारी........ १०
टेवालाई नियाल्दा । उर्मिला श्रेष्ठ........ ११
टेवाः स्वच्छ पानीको सागर पो रहेछ । बसन्त देबकोटा........ १२
टेवा भवनको महत्व र वास्तविकता । मिना गुरुङ्ग........ १४
जीवनका घाउमा टेवारुपी मलम । मुक्ता श्रीवास्तब........ १५
जीवनरुपी घाउमा टेवा रुपी मलम । गीता घिमिरे........ १६
कवितामा टेवा । द्रौपदी रोकाया । गोमा पौडेल........ १७
टेवा नेपालको टेवा नभए हाम्रो निरन्तरतामा कठिनाई । खिनु लङवा........ १८
फस्टाउदै गरेको बाख्रा पालन व्यवसायः एक सफल उदाहरण । बिमा कुमारी थापा ........ १९
हाम्रो मानसपटलमा टेवा । लक्ष्मी भट्ट........ २०
महिलाहरूसँगको आर्थिक अभियानमा टेवा । फूलमती थापा........ २१
टेवाः जस्तो नाम त्यस्तै काम । रीना राई........ २३
मेरो जानकारीमा टेवा । जम्बुबती के.सी........ २४
जीवन वृत्तान्त अनुभव र साथी । गोमा पौडेल........ २५
टेवालाई बुझ्दा । गोदावरी खड्का........ २७
हाम्रो हेराईमा टेवा संस्था । सीता शर्मा........ २८
टेवाको एक दशकः तस्विर संग्रह........ २९



Celebrating 10 Years 1996-2006

# टेवा अध्यक्षबाट सन्देश





आज हामी टेवाको दशौं वार्षिकोत्सव मनाउँदै छौं। यो एक सुखद क्षण भएको महसुस गर्दछु। टेवा एक दशक पहिले विकासको क्षेत्रमा एक नौलो आयाम स्थापना गर्ने उद्देश्यले स्थापित भएको हो र देश विकासमा हामी आफैं अग्रसर र अडिग भएर लाग्नु पर्दछ भन्ने विश्वासका साथ खडा भएको थियो।

टेवाले यो पनि विश्वास गर्दछ कि देशका धेरै समस्याहरुका समाधान पनि हामीहरू आफै हौ र यस उद्देश्यलाई बल दिनका लागि टेवाले पारदर्शी, उत्तरदायी कार्यनिति अंगालेको छ भने टेवाले आफ्नो संरचनामा पदिय तहगत व्यवहार मुक्त राखेको छ।

टेवा सम्पूर्ण नेपाली समाजलाई देश विकासमा हामी आफैहरू नै जिम्मावर हुनुपर्दछ भन्ने मान्यताको सन्देश दिन खोजिरहेछ।

अहिलेको देशको कठिन समयमा धेरै कुराहरू व्यवहारमा रुपान्तरित गर्नेछ जसले हामी नेपाली एक अर्काका लागि सहयोगी बन्न सकौं र हाम्रा गाउँघरका दिदीबहिनीहरूको निम्ति अतिआवश्यक पानी, उर्जा, स्वास्थ्य, शिक्षा, कानुनी सहयोग तथा नैतिक बल जुटाउन सकौं र उनीहरुका निम्ति अवसरका बाटोहरू सृजना गर्न सकौं। यो सबै गर्नको लागि टेवाको यस प्रयासमा सहयोग गरी यस यात्रामा हातेमालो गर्न आह्वान गर्दछौं।

हाम्रा अनुदान प्राप्त समूहहरू पनि आफ्ना समुदायमा यही सन्देश प्रवाह गर्न कार्यरत छन्। त्यसैले हामी सबै एक अर्कालाई एक आपसमा टेवा दिउँ, जसले गर्दा देशमा लोकतन्त्र र शान्ति आउन सहज होस् र हाम्रो यो संजालले हामी सबैलाई बल र साहस पुगोस्।

**म्यागी शाह**
अध्यक्ष, टेवा कार्यकारिणी समिति
टेवा दशक कार्यक्रम सह-प्रबन्धक



# एक सफलताको खुड्किलो



म सानो छँदा मेरो हजुरआमा र आमाले केराको बोट ढल्न लाग्यो, काक्रोको बोट ढल्न लाग्यो लौ छिटो गरी वनमा गएर रुखका हांगाहरू लिएर छिटै बोटहरूमा टेवा देऊ भन्नुहुन्थ्यो। नत्र मज्जाले राम्रा फलहरू खान पाउने छैनौं।

सन् १९६५ सालमा म यूनाइटेड मिसन टु नेपालको महिला विभागको काम छोडेर कुन प्रकारले गर्दा हाम्रा महिला दिदीबहिनीहरू अघि बढ्न सक्छौं भन्ने विचार लिई हिडिरहेकी थिए। त्यति बेला चिरपरिचित व्यक्तित्व रीता थापा जसलाई मैले समय समयमा मिटिङहरूमा देख्थे र भेट्थे। एक कार्यक्रम पछि हाम्रो कुराकानी हुँदा लामो अन्तराल पछि मैले फेरि त्यो टेवा शब्द सुन्न पाए र त्यस सम्बन्धमा पछि फेरि एक पल्ट रीताजी र मेरो लामो कुराकानी भयो। हाम्रा आफ्ना जीवनका मूल्य र मान्यताका कुराहरू आदानप्रदान गऱ्यौं। टेवाको कुरा सुन्दा मलाई पनि राम्रो लाग्यो। म पनि सदस्य भए। मेरो सानै बच्चाको बुझाईको टेवा र यो टेवाको आशय उस्तै भएता पनि अहिलेको टेवा मानिसलाई दिने टेवा थियो।

यो टेवाले बहु विकास र टेवा दिने रहेछ। मन, मस्तिष्क, व्यक्तित्व विकास गर्ने टेवा पो रहेछ। त्यसमा पनि विशेष गरी महिला वर्गमा यस टेवाले कसैलाई आत्मबल बढाउन, शक्तिलाई प्रष्फुटन गराउन त कसैलाई आर्थिक, सामाजिक, शैक्षिक तथा सीपमूलक टेवा दिई विभिन्न वर्गका महिलाहरूलाई एकतामा बाधिं सामाजिक कार्य गर्न उत्प्रेरित गरायो। यसको साथै नेपाली दाताहरूबाट पनि यतिका धनराशि उठाउन सक्ने रहेछौं र हातमा हात मिलाउँदा कुनै कुरा असम्भव नहुँदा रहेछ। टेवा नेतृत्व विकासमा एक नमूना भई क्रमश अघि बढ्दै आईरहेछ। संस्थापक रीता थापाले लिनुभएको अध्यक्षता नेतृत्व मीरा ज्योति, मीरा अर्याल हुँदै म्यागी शाहमा आएर दशौं वार्षिक उत्सव मनाउन लागिरहेका छौं।

थोपा थोपा मिलेर समुद्र बन्छ भन्ने कुरा टेवाको अक्षयकोषमा लगानी गरी आज आफ्नै एक अति रमणीय, सुन्दर, विशाल भवनमा धेरैलाई टेवा दिनको लागि टेवा खडा भएको छ।

यस सफलताको खुड्किलो पछाडी प्रत्येक संस्थापक सदस्यहरूका साथै नेतृत्व लिने वर्ग, स्वयंसेवीहरू, सम्पूर्ण कर्मचारीहरूको पनि मेहनत र जोश परेको छ। कार्यक्रममा भाग लिने सल्लाहकारहरू, अनुदानकर्ताहरू, अनुदान प्रापकहरू सबै धन्यवादका पात्र हुन्।

धन्यवाद।



**द्रौपदी रोकाया**
उपाध्यक्ष, टेवा कार्यकारिणी समिति
टेवा दशक कार्यक्रम सह-प्रबन्धक

# कृतज्ञता ज्ञापन





टेवाको दशौं वार्षिकोत्सवको उपलक्ष्यमा यहाँहरु समक्ष बिशेष प्रकाशन प्रस्तुत गर्न पाउँदा हामीलाई धेरै खुसी लागेको छ। एक दशक अघि यस संस्थासित आफ्नै मुलुकबाटै श्रोत जुटाएर नेपाल भरिका ग्रामीण महिला समूहहरुलाई अनुदान दिनेछौ भन्ने सपना र दृढता मात्र थियो। आज यो संस्था गर्वको साथ ५४ जिल्लाका महिला समूहहरुलाई अनुदान दिन सक्षम भएको छ। यस आर्थिक सहयोगले महिलाहरुलाई समाजमा एउटा बेग्लै स्थान बनाउन, आवाज उठाउन, शिक्षा-शिप हासिल गरि थप श्रोत तथा अवसरहरुको सृजना गर्न र स्वयंम पनि बिकास-कार्यमा लाग्न उत्तिकै हौसला प्रदान गरेको छ।

आज एक दशकको अवधिमा टेवाले आफ्नो कार्यपथमा २४०० को हाराहारीमा नेपाली दाताहरु, २०० भन्दा बढी नेपाली महिला संस्थाहरु एवं २० भन्दा बढि अन्तर्राष्ट्रिय महिला संस्थाहरुको सहयोग र साथ प्राप्त गरेको छ।

अन्तमा, आज टेवाको दश बर्षको पृथक अभियानलाई अभिरुचीपूर्ण, प्रेरणात्मक एवं अविस्मरणीय बनाउन योगदान दिनुहुने सम्पूर्ण दाताहरु एवं अनुदान प्राप्त गर्ने समूहहरूलाई हामी सह्रदय अभिनन्दन गर्न चाहन्छौ र यो यात्रा अघी बढाउदछौं।



**दिपक देवान र जानकी शाह**
टेवा सह-संयोजक
टेवा दशक कार्यक्रम सह-संयोजक

# टेवाः मेरो अनुभव र अनुभूति



**शीतल शाक्य बज्राचार्य**
अर्थ संकलन अधिकृत

स्वयंसेवा जस्तो निस्वार्थ र पबित्र कार्य गर्न उत्प्रेरित भई सन् २००१ देखि स्वयंसेवी कार्यक्रम मार्फत टेवामा आवद्ध भए। बिगत ३ बर्ष देखि नियमित कर्मचारीको रुपमा कार्यरत छु। देशको आधा आकाश धानेका महिलाहरूको बिकास नभै देशको बिकास सम्भब छैन। सबल महिलाहरूले नै घर, परिवार हुदै उन्नत समाजको श्रृजना गर्न सक्दछन्। त्यो नै देशको लागि दिगो बिकास हुनसक्दछ भन्ने ध्येयले मनमा महिला उत्थानको सोच र सामाजिक भावनाको दृढ संकल्प गरेरै मैले अरु काम भन्दा टेवालाई रोजे। काम गदै जाँदा मेरो ईच्छा र टेवाले लिएको उद्देश्य धेरै निकट रह्यो जसले गर्दा टेवाको दशकमा मेरो संलनता थाहै नपाई ६ वर्ष पुगिसकेछ।

धैर्यता सबभन्दा ठुलो बल रहेछ भन्ने कुराको ज्वलन्त उदाहरण हो संस्थापिका रीता थापा। महिला बिकासको संकल्प लिइ यु.एन. जस्तो आर्थिक हिसाबले सम्पन्न संस्थाको जागिर छोडेर टेवा स्थापना गर्नु भयो। बिदेशी अनुदानमा भर नपरेर आफ्नै देश भित्रको श्रोत संकलन गरेर महिला विकास गर्ने शैलीले मलाई अझ प्रभाबित पाऱ्यो जसले हामीलाई आत्मनिर्भर बन्न समेत सिकायो। बषौ देखि देशको सामाजिक मुल्य, मान्यता र पुरातनबादी संस्कारले गर्दा महिला दिदी बहिनीहरू बिकासको मुल धारमा आउन सकेका थिएनन्। यस्तो महान् कार्यमा मेरो सहभागिताले एउटा महिला शसक्त हुनु भयो भने यो मेरो लागि सन्तोषको कुरा हो। यसरी हामीले धेरै दिदी बहिनीहरूलाई आत्मनिर्भर बनाएका छौ र अझ प्रयत्नशील छौ, यो नै टेवा परिवारको लागि गर्वको कुरा हो। टेवाले उठाएको अभियानलाई आत्मसाथ गर्दै अनुदान प्राप्त ग्रामीण महिला दिदी बहिनीहरूले आफु लाभान्वित हुदै घर,परिवार, समाज, गाउँ, नगर हुदै देशको अधिकांश महिलाहरूलाई बिकासको मुल प्रवाहमा सहभागि गराउन हातेमालो गराउनु हुनेछ भन्ने कुरामा म बिश्वस्त छु।

"If the cause is right the means will come" गान्धिजीको यस भनाई र टेवाको काम एकदम मिल्दोजुल्दो छ र मलाई यो भनाई एकदम मन पर्छ। दान दिदामा रित्तो र पाहुनाले खाँदामा भोको कहिल्यै हुदैन भन्ने भावनाले ओतप्रोत भएको हाम्रो समाजमा पछिल्ला दिनहरूमा यदाकदा सहयोगी भावनामा ह्रास आएता पनि टेवाले परोपकारीताको संस्कारलाई पुर्नजागरण गरेको छ। द्वन्दको कहालीलाग्दो बादल फाटीसकेपनि बषौं देखि यसबाट पिडित समुदायका लागि भोलीको बिहानीले के लिएर आउँछ थाहा छैन। त्यस्ता उकुस मुकुस लाग्ने अध्याँरोमा टेवा रुपी दियो जुन निरन्तर बलिरहेको थियो, आज पनि बलिरहेको छ। म दुई हात जोडेर यहाँहरूमा बिनम्र अनुरोध गर्दछु की हामी सबै मिली यस दीपलाई निभ्न नदिउ, ताकी आउँदो पुस्ताले पनि यस दियोको उज्यालो निरन्तर पाउन सकुन्।

अन्त्यमा, संसार अनित्य छ। आफूले रगत पसिना गरि कमाएको धन सम्पती, प्राण भन्दा प्यारा छोरा छोरी, ईत्यादी सबै यहि छोडेर एक्लै जानु पर्दछ। साथमा जाने त मात्र पाप र पुण्य हो। त्यसैले यी साथमा लान नसकिने धन सम्पती नै प्रयोग गरि कमाउने पुण्य धन जो जन्म जन्मान्तर सम्म पनि साथै आउँछ, त्यसैलाई बेला छदै बटुल्नमा हामी नचुकौ र आफ्नो कृति यहाँ चीरस्थायी गराऔं। मेरो यही कामना।

# टेवामा मेरो अनुभव



**सुनिल बस्नेत**
अर्थ संकलन अधिकृत

हाम्रा सामाजिक मूल्य र मान्यताले पनि सर्वश्रेष्ठ मानेको पहिले देखि अन्तरनिहित परम्परागत परोपकारीतालाई समयानुकुल परिमार्जित गरी आधुनिक परोपकारीताको नौलो उदारहण प्रस्तुत गरेको छ टेवाले। महिला उत्थानको मूल संकल्प लिई टेवा पुऱ्याईरहेको टेवामा सन १९९९ मा स्वयंसेवी तालिम लिने मौका पाए। हुन त यो भन्दा पहिले मैले थुप्रै तालिमहरू लिएको थिए तर यो मेरो जिवनको मार्ग निर्देशीत तालिम साबित भएको छ। महिला संस्थामा महिलाहरूको तालिममा म मात्र एक पुरुष सहभागी हुदाँ सुरुका एक दुई दिन अलि असहज भयो तर कालान्तरमा यो सहज हुन गयो तथापी काम गर्दै जादाँ टेवालाई धैरै नजिकबाट हेर्ने, बुझ्ने र सिक्ने मौकाहरू पाए। अब यी सिकाई मेरो पारिवारिक र सामाजिक जिवनको लागि पनि अमुल्य सिकाई बन्यो।

**स्वावलम्वन, बिकास र महिला सशक्तिकरणको लागि** टेवाले पाचौं वर्षको सुरुवात सँगै अर्थ संकलनको प्रमुख तथा सशक्त कार्यक्रम पदयात्रा शुरु गरिएको थियो। आज एक दशक सम्म आईपुग्दा नेपालमै नयाँ र रमाईलो ८८ दिन अभियान जस्ता सृजनात्मक कार्यक्रमहरू गर्न सफल भैसकेको छ। **एक रुपैयाँले पनि समाज सेवा हुन सक्छ** भन्ने कुरालाई यस कार्यक्रमले पुष्टी गरेको छ। जसले गर्दा टेवालाई टेवा पुऱ्याउन प्रत्येक नेपालीले भावनात्मक आर्थिक सहयोग पुऱ्याईरहेका छन्। त्यस्तै व्यवसायिक क्षेत्रका उद्योगी ब्यापारीहरूलाई सामाजिक क्षेत्रमा उहाँहरूको पनि दायित्वबोधका साथै सामाजिक भावनामा अभिबृद्धि गराई उहाँहरूलाई सहभागी गराउन टेवा महोत्सव जस्तो कार्यक्रमहरू मार्फत टेवाले सहयोग लिईरहेको छ। एक दशक सम्म आईपुग्दा अर्थ संकलनको बिभिन्न कार्यक्रमहरूलाई समयानुकुल परिवर्तन, कार्यक्रमहरूको ढाचा समयले ल्याएको मागलाई परिष्कृत गर्दै बिविध क्षेत्रका बिविध ब्यक्तित्वहरूलाई समेट्ने उद्देश्यले कार्यक्रमहरूलाई फराकिलो पार्दै लगीएको छ।

त्यसै अनुरुप संस्थागत दिगो बिकास गर्नका लागि टेवाले आफ्नो स्थापनाकाल देखि नै अक्षयकोष निर्माणको दुरदर्शि सोचलाई अघि सारी सबैको दुःख सुःख बाँड्ने थलो (चौतारी) को रुपमा टेवालाई स्थापित गर्न नेपालीहरूकै स्वामित्वमा टेवा कार्यालय भवनको स्थापना गरिसकेको छ। जुन कार्य नेपालकै इतिहासमा अर्को नमुना कार्यको रुपमा गनिएको छ। यसै अनुरुप बिभिन्न भौतिक पूर्वाधारहरू बनि सकेको र बन्ने तयारीमा छ जसले गर्दा दाताहरूको बढ्दो बिश्वासका साथै अर्थसंकलनका धेरै सम्भाब्यताहरू खोलिदैं गएको छ। यस्तो महत्वपूर्ण काम संस्थापिका रीता थापा ज्यू आफैले प्रमुख जिम्मा लिई गरिरहनु भएको छ।

टेवाले हालसम्म ३६६ जना स्वयंसेवीहरूको सक्रिय सहभागी र सहयोगमा १०४ संस्थागत, २० भन्दा बढि टेवा अनुदान प्राप्त महिला संस्थाहरू र २३०० भन्दा बढि नेपाली दाताहरूको सहयोग पाईसकेको छ। देशको दुई तिहाई भन्दा बढि जिल्लाहरूमा महिला आत्म निर्भरता, सशक्तिकरण र बिकासमा निर्बिवाद कालजई झै सदा निर्भिक भएर सहयोग गरिरहेको छ।

टेवाले अहिलेसम्म प्राप्त गरेको सफलताका कारणहरू मनन गरि हेर्दा संस्थापिका रीता थापा ज्यूको दिशानिर्दृष्ट, कञ्चन परिकल्पना अन्य टेवा अग्रजहरूको, सहि नेतृत्वमा सदस्यहरूको सदासयता र सहयोग देखिन्छ। कर्मचारीहरूको टेवा प्रतिको समर्पण र प्रतिबद्धता, स्वयंसेवीहरूको सक्रिय सहभागिता तथा दाताहरूको बिश्वासबाट नै यी सफलताहरू हासिल गर्न सकेको हो भन्नमा पनि सायद दूईमत छैन।

**सेवाको ज्योतिले सधै सत्कार्य डोहोऱ्याउँछ।**

# म टेवामा आउँदा



**अनिमा श्रेष्ठ**
प्रसाशन सहायक

जब म स्नातक तह तृतिय बर्षमा अध्ययन गर्दै थिए। सो अवसरमा एक जना परिचित साथीले टेवाको बारेमा जानकारी दिनु भयो। उहाँले टेवाले नेपालीहरूबाट थोरै पैसा उठाएर पनि गाउँका महिलाहरूलाई सहयोग गरि रहेको छ भन्ने जानकारी दिनु भयो। साथीको कुराले मलाई टेवामा पुगौ पुगौ लाग्यो। तर मलाई थाहा थिएन कि टेवामा कसरी पुग्न सकिन्छ? म टेवामा पुग्ने बाटो खोज्ने क्रममा टेवाले स्वयंसेवी तालिम संचालन गर्दै छ भन्ने कुराको जानकारी भयो। र मैले पनि टेवा स्वयंसेवीको लागि आफ्नो नाम दर्ता गराए।

म अन्य साथीहरूसँगै प्रशिक्षण तालिममा सहभागी भए। तालिम पछि मैले पनि अर्थ संकलन जस्तो महत्वपुर्ण काम गरे। मेरो अनुभबमा पनि अर्थ संकलन त्यति सहज काम होईन तर त्यसलाई प्रक्रिया मिलाएर गर्दा अप्ठ्यारो पनि पर्दोरहेनछ भन्ने अठोट भयो। टेवामा हाम्रो स्वयंसेवी परिक्षण काल सकिदा मलाई भने टेवा छोड्न मनै लागेन। संयोगबस त्यतिबेला नै टेवालाई केहि कर्मचारी चाहिएको रहेछ र म लगायत ३ जना साथीहरूलाई टेवामा नियमित रुपमा आउन अनुरोध भयो। मेरो हर्षको कुनै सिमानै भएन। टेवाले एक पछि अर्को गदै हाम्रो जिम्मेवारी पनि बढाउदै लग्यो। तीन बर्षको स्वयंसेवी भएर काम गरेको अनुभव पश्चात सन् २००४ मा मलाई टेवाले प्रशासन सहायकको जिम्मेवारी प्रदान गऱ्यो। त्यसको अलावा ग्यारेज सेल (पुराना सामानको बिक्रि) को पूर्ण जिम्मेवारी सुम्पियो।

टेवाका दाताहरूले आफुसँग जगेडा रहेका र पुनः काम चलाउन सकिने सामानहरूलाई सहयोगका लागि टेवामा दिन थाले पछि टेवाको पसलमा राखि हामीले बिक्रि गर्न थाल्यौ। समुदायका मानिसहरूमा शुरु देखिको एउटा नराम्रो छाप परेको रहेछ त्यो के भने एउटा कोटलाई हामीले १०० रुपैयाँ भनेपनि समुदायका मानिसहरू ५० रुपैयाँमा आउछ भनेर भन्दछन्। त्यतिमात्र कहाँ हो र १० रुपैयाँको टिसर्टलाई पनि ५ रुपैयाँमा दिने हो भनेर प्रस्ताब राखेको देख्दा भने अचम्म लाग्छ। तैपनि हामीले यो रकमबाट महिलाहरूको लागि अनुदान दिने हो भनेर सम्झाए पछि बल्ल बल्ल मात्र लैजान्छन्। अझ अधिकांश मानिसहरूले त सित्तैमा जम्मा गरेको लुगा कपडा पनि किन बिक्रि गरेका होलान् सम्म भन्न पछि परेनन्। त्यतिमात्र होईन बर्षको १/२ पटक टेवाका बिक्रि गरिने सामानहरूलाई हामी बजारमा समेत लैजान्छौ तर काठमाण्डौको जातातै फुटपाथेहरूको पसलले हामीलाई ज्यादै दिक्क बनाउँछ। एकातिर प्रशासन कार्यलयबाट अनुमति लिनुपर्ने झण्झटिलो कार्य र अर्कोतिर बषौ बर्ष देखि ब्यापार गरिरहेका साना ब्यापारीहरूसँग झेल्नु पर्ने समस्याले बरु गाउँ गाउँमा लैजानेकी भन्ने सोच समेत तयार गरेका छौ।

हामी समस्त दाता एवं शुभचिन्तकहरूसँग पुनः अनुरोध गरिरहेका छौ कि तपाईको घरमा जगेडा रेहको सामानले आज कति ग्रामीण महिलाहरूको लागि टेवा प्रदान गरिरहेको छ। यस्तो पवित्र कार्यमा सहयोग गरिदिनुहोस् भनेर भनिरहेका छौ। कतिपय दाताहरूले नियमित रुपमा नै हामीलाई बोलाई सामान उपलब्ध गराई दिनुहुन्छ। त्यसको लागि टेवाको तर्फबाट हार्दिक धन्यवाद ब्यक्त गर्दछु र म यस महत्पुर्ण टेवारुपी अभियानमा रहन पाउँदा सन्तुष्ट छु।

# टेवा आउँदाको क्षण



**लक्ष्मी महर्जन**
रिसेप्सनिष्ट

म टेवामा सन् २००२ मा स्वयंसेवीको रुपमा प्रवेश गर्नु अघि मलाई टेवाको बारेमा केही जानकारी थिएन। टेवाले स्वयंसेवी तालिम दिन्छ भन्ने कुरा जानकारी पाएपछि म स्वयंसेवी तालिमको लागि टेवामा आएँ। टेवामा आउनु अगाडी मलाई सधै लागिरहन्थ्यो कि टेवा के हो र यसले के काम गर्छ ? मैले गैह्रसरकारी संस्थामा काम नगरेको भएता पनि गैह्रसरकारी संस्थाहरूको काम भन्दा कुरा ठुलो गर्ने प्रवृत्ती र तडक भडक देखेर मलाई घृणा लाग्दथ्यो। तर टेवा स्वयंसेवी प्रशिक्षण तालिममा आए पछि टेवाले के काम गर्दो रहेछ भन्ने कुरा थाहा भयो। टेवाको सो क्रियाकलाप मलाई असाध्यै चित्त बुझ्यो। मलाई थाहा भयो कि सबै गैह्रसरकारी संस्था त्यस्तो हुँदो रहेनछ।

टेवाको पवित्र कार्यले मलाई अन्तरआत्मा देखिनै सेवा गर्ने ठूलो ईच्छा जाग्यो र आफूले धेरै अर्थ संकलन गर्न नसके पनि आवश्यक परेको बेलामा काम गरेर सेवा गर्ने प्रण गरें। टेवाका विभिन्न कार्यक्रमहरूमा म नियमित रुपमा उपस्थित हुन्थे। स्वयंसेवकको ३ महिने परिक्षणकाल समाप्त भएपछि पनि मलाई टेवा छोड्ने मन थिएन। संयोगवस टेवामा नियमित काम गर्ने केही स्वयंसेवीहरूको आवश्यकता परेको जानकारी पश्चात् टेवाले मलाई टेवा स्वयंसेवीको रुपमा रिसेप्सनिष्टको जिम्मेवारी दिईयो। सन् २००४ को अन्तदेखि नियमित कर्मचारीको रुपमा काम गर्दै आइरहेको छु।

टेवामा नियमित काम गरेपनि मेरा खुल्दुलीहरू यथावत् थिए। किन टेवाले भवन निर्माणको लागि खर्च गरिरहेको होला ? यसको सट्टा अनुदानमा प्रयोग गरेको भए राम्रो हुने थियो कि ? तर मेरा कौतुहलताको उत्तर मैले कसैलाई पनि सोध्नु परेन। मेरो आखाँ अगाडी एकाएक देखा पऱ्यो कि टेवा भवन निर्माणले टेवालाई दिगो रुपमा राख्न सफल हुन्छ। जबसम्म टेवा आफैमा सबल बन्छ यसको सहयोग निरन्तर रहिरहने छ।

साच्चै भन्नु पर्दा टेवा हिरा मोतीको खानी हो। कति टिप्न सकिन्छ त्यो त आफ्नो सिप र क्षमतामा निर्भर हुने कुरा हो। टेवाका कर्मचारीहरूमा एक अर्का प्रतिको बिश्वास र सहयोगले गर्दा यहाँ कुनै पनि कामहरू नजानेको आभाष हुदैन। बरु नजानेका धेरै कुराहरू सिक्न सकिन्छ। म टेवामा संलग्न हुँदा मलाई एउटा कार्यलयमा कसरी काम गर्नुपर्छ ? कसरी कुरा गर्नु पर्छ ? केही थाहा थिएन। स्वयंसेवी भए देखि अहिले सम्ममा मैले धेरै कुराहरू सिकिसके र सिक्दै जाने क्रममा छु। टेवाले कसरी, कहाँ, कसलाई सहयोग गर्छ र कसरी सहयोगको लागि अर्थ संकलन गर्छ भन्ने कुराहरू क्रमशः एक पछि अर्को थाहा भयो।

टेवामा काम गर्न पाउँदा म आफुलाई एकदम भाग्यमानी ठान्दछु। टेवाका सम्पुर्ण सदस्य दिदीहरू, टेवा शुभचिन्तक, टेवाका दाताकर्मचारी एवं स्वयंसेवीहरूको अथक प्रयत्नको परिणाम स्वरुप नै टेवा आज यो रुपमा बिकसित भएको हो भन्नेमा म बिश्वस्त छु। अन्त्यमा स्वच्छ मनले काम गऱ्यो भने नसोचेको काम पनि सहज ढंगले पुरा हुँदोरहेछ र काममा निरन्तरता भएपछि मात्र त्यसको नतिजा राम्रो आउँदो रहेछ भन्ने कुरा मैले पुष्टि भएको पाएँ।

# ड्राइभरको पनि आफ्नै अनुभव



**कान्छो श्रेष्ठ**
बस चालक

म गाउँको बिद्यालयमा कक्षा सातमा अध्ययन गर्दै थिए। मेरा गाउँका साथीहरू काठमाण्डौमा ड्राईभर काम गर्दथे। **संगत जायतम् फलमं** भनेझै मेरो संगत पनि ड्राईभर भएकोले म पनि आफ्नो अध्ययनको क्रमलाई बिचमै छाडेर काठमाण्डौ आए। बि.सं २०४६ सालको जनआन्दोलनको समयमा जताततै कर्फ्यू लागेको थियो। काठमाण्डौ आएपछि पनि मैले सुरुमा पाटन ढोकाबाट चल्ने बसको सहायक भएर काम गर्न थाले। झण्डै १० बर्ष बसको सहायक भएर काम गर्दा पनि मैले कहिलै नराम्रो घटना देख्नु परेन। यो नै मेरो सुखद कुरा थियो। तर वास्तबमा भन्नु पर्दा बस सहायक (खलासी) भएर मात्र के जिन्दगी बिताउनु जस्तो लाग्यो र मैले पनि ड्राईभरको लागि तालिम लिन थाले।

२०५७ साल बाट मैले लाइसेन्स लिए, पछि सोही रुटको ठुलो बस चलाउन थाले। यसरी रुटको बस चलाउँदा चलाउँदै मलाई सेन्ट मेरिज स्कुलको स्कुल बस चलाउन समेत अनुरोध भयो र मैले चलाए। दशै बिदामा मैले स्कुल बस पनि छाडिदिए। सोही समयमा भाजुरत्न कम्पनीको मान्छेले मलाई भेटेर टेवा संस्थाको बस बनेपामा छ गएर ल्याइदिनु भन्नु भयो। मैले पनि सोही अनुरुप बस ल्याई दिए। त्यसपछि मलाई ४/५ दिन पछि सर्म्पक राख्न भनियो। अन्ततः मलाई टेवाको बस चालकको रुपमा नियुक्ति गरियो।

ड्राईभर पेशा अत्यन्तै आलोचनाको पेशाको रुपमा सबैले भन्ने गरेका जन गुनासाहरू सुन्नमा आउँछन्। हामी अतिनै जिम्मेवार स्थानमा बसेका हुन्छौ हाम्रो हातमा सयौ जिवनहरू यात्रा गरिरहेका हुन्छन्। त्यति हुँदाहुँदै पनि ड्राईभरका नाममा केही ब्यक्ति बिशेषहरू ज्यादै दयाहीन र उदण्ड हुन्छन्। जसले गर्दा गाडीले ठक्कर दिएर घाइते भएकाहरूलाई पुनः मार्ने कोसिस गर्दछन्। यस्ता घटना हाम्रा वरपर सधै झै भईरहेका हुन्छन्। मेरा जीवनमा यस्ता केहि घटना घटेका थिए तर मैले भने मानविय रुपलेनै त्यसको सेवा गरे।

एक दिन म टेवा बस चलाउने क्रममा सातदोवाटो चोकमा पुगेको थिए। मेरो बसमा एउटा साईकल ठोक्कीयो। बेलुका साझ परिसकेको थियो। म गाडी लिएर सरासर जान सक्दथे तर मैले त्यसो गरिन। बरु त्यो साईकलवालालाई गाडीमा राखेर अस्पताल पुऱ्याइदिए। दोष साईकलवालाको थियो। पछि उसको स्वास्थ्य पनि राम्रो भयो। हो मैले टेवाबाट सिकेको सिकाई पनि यो नै थियो। **"परोपकार पुण्डाए पापाए पर पिडनम्"** अर्थात् धर्म भनेकोनै अर्काको उपकार हो। यो सन्देश हाम्रो पेशामा संलग्न जो कसैलाई पनि आबश्यक छ जस्तो लाग्दछ।

अन्तमा टेवामा मलाई अबसर दिनुभएकोमा म समस्त टेवा परिवार प्रति आभारी छु। आज टेवा मेरो एकाघरको परिवार बनिसकेको छ। त्यसैले म भन्ने गर्दछु :

टेवालाई टेवा दिने, हुन्छ हाम्रो काम
जति राम्रो काम गऱ्यौ, उति चल्छ नाम।
फूलै फूलले सजिएको टेवा फूलवारी
मगमग बास्ना छर्छ, सधै वरिपरी।।

# जीवनका पिडाहरूमा टेवाको देन



**राम देउला**
कुचिकार

मेरो जन्म ललितपुर उप-महानगरपालिका वडा नं २२ कुम्भेश्वरमा भएको थियो। म सानो छदैमा मेरा आमा बुवा परलोक हुनु भएकोले हामी बालकमै टुहुरा बन्यौ। तीन दाजुभाईबीच केहि समय मिलोमतोमा एउटै घरमा बसेपनि पछि दाजुहरूको बिहे पश्चात् म मात्र एक्लो भए। अब बिचार गर्नुहोस, कि एक्लो जिवन कस्तो कष्टकर हुन्छ? म संघर्षपूर्ण जीवन बिताउन बाध्य भएँ।

बाल्यकाल दयनीय भएका कारण मेरो पठन पाठन हुन सकेन। म अनपढ भएकै कारण मैले कामको खोजी गरेपनि भनेजस्तो काम भेटाउन सकिन। मलाई पेटको बाध्यताले पनि अर्काको घरमा काम गर्न बाध्य बनायो। ६/७ महिना मैले काम गरे। अर्काको घरमा मात्र काम गर्दा पनि राम्रो हुदोरहेनछ त्यसैले मैले त्यो काम छाडेर दिल्ली जाने बिचार गरि दिल्ली गए। १५ दिन बसेर काम खोज्दा पनि काम नपाएकोले पुनः म घरमानै फर्किए। घर फर्किने क्रममा बुटवलमा मैले लगाएको जुत्ता, ज्याकेट, झोला लगायत पैसा सबै लुटियो। पैसा सबै लुटिएकाले बसको भाडा पनि तिर्न सकिन भने खाने कुराको त कुरै नगरौं। बिना भाडा बसले बल्खुसम्म ल्याइदियो त्यहाँबाट मेरो घरसम्म जानको लागि समेत भाडा नभएकाले पुस महिनाको जाडो त्यसमा पनि बिहान ४ बजेको चिसोमा थर्थर काम्दै म घर पुगे। कोही पनि नभएको रित्तो घर पनि मलाई बिदेश भन्दा प्यारो लाग्यो। म घरमा बसेपनि काम खोज्नु नै पर्दथ्यो यसै क्रममा मैले जाउलाखेलको खानेपानी संस्थानको ढल निकास अन्तर्गत काम पाएँ, त्यो पनि ठेक्कामा। यही समयमा मेरो मैयासँग प्रेम बिबाह भयो। म १६ बर्षको थिए, मैया पनि १४ बर्षको थिईन्। सायद त्यो २०४६ साल कार्तिक १६ गते हुनु पर्दछ। त्यस कामले हामीलाई खाने समस्याको समाधान गरेको थियो। तर एक दिन संस्थानले कर्मचारीहरूको फोटो माग्यो। त्यस समयमा फोटो खिच्न जताततै सुबिधा थिएन र म लगायत ३/४ जनाले समयमा फोटो उपलब्ध गराउन सकेनौ त्यसै कारणले हाम्रो जागिर गयो। त्यसपछि पनि मैले काठमाण्डौ महानगरपालिकामा धुलो तथा फोहोर उठाउने काम पाए। ३/४ बर्ष जति त्यसमा काम गरेपछि घरको बाध्यताले गर्दा मैले त्यो जागिर पनि छाड्नु पऱ्यो। यसरी मेरो जिन्दगी पूर्ण रुपले बेरोजगार भएर बित्यो। मेरा कति दिन त भोकै बित्यो। मैया टेवामा काम गर्थिन्। म बेरोजगार भएपनि मैयाको कमाईले हाम्रो सामान्य गुजरा चलिरहन्थ्यो। यसरी दिन बित्ने क्रममा हाम्रो सानो परिवारमा नयाँ सन्तानको रुपमा छोराको जन्म भयो। छोराको जन्मले हाम्रो समस्याहरू एक पछि अर्को थपियो जसका लागि मैले जागिर खोज्नु पर्ने भयो। म कहिलेकाँही मैयासँगै टेवामा जान्थे। पछि मैयाले टेवा छोडेर नागरिक आवाजमा गईन् र मैले टेवामा काम गर्ने अवसर पाएँ। सुरुका दिनमा भन्दा तलब बढ्यो। तर महंगी पनि दुई गुणा बढ्यो। बढेको महंगीलाई मेरा तलबले धान्न बडो मुस्कील छ। जसले गर्दा अझै पनि मेरो जीन्दगी कष्टकर नै छ।

जेहोस् टेवामा काम गर्दा मलाई धेरै माया प्राप्त भएको छ। टेवा परिवार आजभन्दा १० बर्ष अगाडी देखिनै छुवाछुत रहित परिवार थियो। त्यहाँ जात जातिको हिसाबले सानो ठुलोको भिन्नता भन्दा पनि अझ हामी माथि राम्रो ब्यवहार हुन्थ्यो। मैले समयमा नपढ्नाले आज यस्तो कष्टपुर्ण जीवन बिताउन बाध्य भएको छ त्यसैले अब म जति दुःख सहेर पनि छोरालाई शिक्षा दिक्षा दिलाउन प्रयासरत छु। भविश्यमा शिक्षीत र उसलाई योग्य मानिस बनाउँछु। मलाई आज यस रुपमा ल्याईदिन टेवाले जति सहयोग गरेको छ त्यो कसैले पनि गर्न सक्दैन। यसका लागि म टेवा प्रति सधै ऋणी छु।

# मेरो गन्तब्यमा टेवा



**श्री बहादुर अधिकारी**
माली

गाउँको सामान्य परिवारमा जन्मिएको कारणले मेरो शिक्षा दिक्षा त्यस्तो राम्रोसँग हुन सकेन। मेरा साथीहरू पनि सबै बिद्यालय जान भन्दा नजान खुसी हुन्थे त्यसैले मलाई पनि बिद्यालय जान मन लाग्दैनथ्यो। तर मेरा बुवा र काकाले मलाई बिद्यालय जानको लागि गाली समेत गर्नुहुन्थ्यो। उहाँहरूको करकापले मात्र म बिद्यालय जान्थे। राम्रो अक्षर भएकाहरूलाई गुरुहरूले समेत माया गर्नु हुन्थ्यो। मेरो अक्षरहरू अन्य साथीहरूको तुलनामा राम्रो थियो। मेरो पढाईको अतिरिक्त हस्तकला र चित्रकलामा बिषेश रुची थियो। म हस्तकला तथा चित्रकलामा जिल्ला स्तरिय सम्मका प्रतिस्पर्धामा सहभागी रहि प्रथम समेत भएको थिए। त्यसबेला मलाई पुरस्कारहरू नगद तथा जिन्सीको रुपमा प्राप्त भै रहेको हुन्थ्यो। गाउँमा सामान्य परिवारका मानिसहरूको आम्दानीको श्रोत भनेको केही पनि हुदैनथ्यो। बर्ष भरी काम गरेपनि खेतीपातीले ६ महिना पनि राम्रोसँग खान पुग्दैनथ्यो। त्यसैले हुर्किएका छोराछोरीहरूले पढ्न जानु भन्दा पनि सानो तिनो जागिर खोज्नु हाम्रो बाध्यता नै थियो। यसै क्रममा जब म ६ कक्षामा अध्ययन गर्दै थिए मलाई चन्द्रकान्त अधिकारीले अब त तिमी पनि आफ्नो खुट्टामा उभिन सक्नु पर्दछ भनेर भन्नुभयो। मैले उहाँको भनाई राम्रो सँग बुझ्न सकिन। पछि मात्र थाहा भयो मलाई जागिर खानको लागि भन्नु भएको रहेछ। म उहाँको कुराले खुसी भए। किनकी यो हाम्रो लागि एकातिर रहर र अर्को तिर बाध्यता पनि थियो।

यसै क्रममा मलाई उहाँले काठमाण्डौं ल्याएर आफ्नो घरमा राखेर जानुभयो। त्यस घरमा मैले चारबर्ष जति बसे १० कक्षा सम्मको पढाई पनि त्यसै घरबाट सके। जब म टेष्ट परिक्षा उत्तिर्ण गरे, त्यसपछि म रीता दिदीको घरमा आएर काम गर्न थाले। "जहाँ पातलो त्यही छिद्र" भनेझै मेरा लागि सबै समस्याहरू एक पछि अर्को थपियो। जब प्रवेशिका परिक्षामा म असफल भए। त्यसै बर्ष घरमा राखिएको पेट्रोलमा बिद्युतीय प्रबाहले घर आगलागी भयो मेरो जिउ पुरै जल्यो म बेहोस भए। म सायद अन्यत्र कतै भएको भए यस संसारबाट बिदा भई सक्थे होला। तर राम्रो स्याहार र उपचारको कारण म बाँचे। मैले म्यागी दिदीलाई अस्पतालमा भेटे र आज उहाँकै छत्रछायामा बस्ने अबसर पाएको छु। अस्पतालबाट डिस्चार्ज भएपछि पनि फिजियोथेरापीमा एक महिना बसे पछि म आराम गर्न घर तर्फ लागे। ६ महिना जति घरमा बसेपछि मलाई पुन छटपटी शुरु भयो। आराम गरि बसेर मात्र खान पुग्दैनथ्यो। काम गरौ भने कडा परिश्रम गर्न म सक्दैनथे। त्यसैले बरु भारत तिर गएर हल्का काम गर्ने बिचार गरि भारत गए। भारतमा ५/६ बर्ष काम समेत गरे। पछि घरको आवश्यकताले मैले भारतको जागिर पनि छोड्नु पर्‍यो। घरमा आएपछि पनि मैले केहि गर्नु पर्दथ्यो त्यसको लागि पुनः म काठमाण्डौ आएर जागिरको लागि धेरै प्रयत्न गरे। तर पनि कही कतै नभएपछि म रीता दिदीको घरमा गएर दिदीलाई मेरा बाँकी कुराहरू पनि बताए। दिदी म सँग सधैं सकारात्मक हुनुहुन्थ्यो त्यसैले मेरा कुरा सहज रुपमा लिनुभयो। टेवाको धापाखेल स्थित कार्यालयमा दिपक देवान सरसँग कुराकानी गरि मलाई टेवामा काम गर्ने बाताबरण मिलाई दिनुभयो। अन्त्यमा टेवा मेरो लागि दोश्रो पाठशाला भएको छ। हामीले नजानेका धेरैकुराहरू यहाँ सिक्ने अबसर पाएका छौ। टेवाका हरेक कार्यक्रमहरूमा सबैको समान सहयोग रहेको हेर्न पाईन्छ। यहाँको यस्तो बाताबरणबाट म अतिनै प्रभावित छु।

# टेवालाई नियाल्दा



**उर्मिला श्रेष्ठ**
स्वयंसेवी कार्यक्रम अधिकृत

जागिरेको जीवनमा थुप्रै आरोह अवरोह पार गर्दै जाने क्रममा सन् २००४ मा एउटा दैनिक अखबारमा टेवाबाट कर्मचारीको आवश्यकता सम्बन्धीको बिज्ञापनमा मेरो आँखा पुग्यो। मलाई टेवा भनेको कस्तो संस्था होला खुल्दुली लाग्दै गयो। कहाँ होला टेवा ? प्रकरान्त मैले टेवा प्रबेश गर्ने अबसर पाए जुन मेरो लागि सुखद अनुभूती रहेको छ। टेवा आफैमा टेवा रहेछ। यसको संस्थागत संरचना, ग्रामीण महिलाहरूलाई अनुदान कार्यक्रम, दिगो र दरिलो बिकास, र स्वावलम्बीपन बाट म अतिनै प्रभावित भएको छु।

टेवामा जानु मेरा जीवनको लागि एक नयाँ आयाम हो। किनकि यस भन्दा अघि बिभिन्न संघ-संस्थामा काम गर्दा नाफाको लागि काम गरिन्थ्यो र जिम्मेवारीको लागि राजनिती हुन्थ्यो। तर टेवामा "अरुलाई दान होईन आड देऊ, "सहयोग गर र परोपकारी बन" भन्ने सिकाई मेरो लागि महत्वपूर्ण रहेको छ। यसका साथै धार्मिक क्षेत्रमा मात्र दान दिईन्छ भन्ने सोचाईले परिबर्तन पाएको छ। दान सामाजिक क्षेत्रमा त्यो पनि महिलाको न्यायोचित सहभागिताको लागि दिन उचित रहेछ। यहाँ आएपछि अनुदान प्राप्त महिला सस्थांहरूको प्रगति प्रतिवेदन हेर्दा पनि मलाई थाहा भयो कि टेवाको अनुदान सहि सदुपयोग भएको रहेछ। टेवाले मलाई स्वयंसेवी कार्यक्रम अधिकृतको रुपमा जिम्मेवारी सुम्पिएको छ। स्वयंसेवी कार्यक्रम टेवाको प्रमुख कार्यक्रम नै रहेछ जसलाई टेवाले सन् १९९७ बाट शुरु गरेको थियो। शुरुमा घरका गृहणीहरूलाई मात्र लक्षित गरि सुरु गरिएको यो स्वयंसेवी कार्यक्रममा हाल आएर गृहणी लगायत बिद्यार्थी, शिक्षक, शिक्षिका एवं बिभिन्न पेशाकर्मिहरूको समेत सहभागिता रहेको छ। दश बर्षको अन्तरालमा ३९६ जना स्वयंसेवीहरू टेवा कार्यक्रमबाट लाभान्वित र क्रियाशिल छन्।

स्वयंसेवीहरूलाई हाल आएर अर्थ संकलन कार्यक्रम तर्जुमा तथा परिचालन समेत गर्न दिइन्छ। जसले गर्दा स्वयंसेवीहरूलाई काम सिक्ने अवसर, नेतृत्व बिकास, आत्मनिर्णय र आत्मबिश्वास बढेको मैले ब्यक्तिगत रुपमा पाएको छु। "असम्भब भन्ने शब्द मुर्खको डायरीमा मात्र पाईन्छ" भन्ने नेपोलियन बोनापार्टको भनाई टेवामा आएर पुष्टि भएको मैले पाए। म केही गर्दछु भन्ने दह्रो आत्मबिश्वास बोकेका ब्यक्तित्वहरूलाई प्रतिकुल समय र परिस्थितीले पनि खासै असर पार्दो रहेनछ। यस कुराको ज्वलन्त उदाहरण टेवा भवन निर्माणको लागि करिब १ बर्षको समयमा ६६ लाख रुपैयाँ नेपालीहरूबाटै अर्थ संकलन गरेर देखाइएको छ। जुन कुरा हामी सबैको लागि अनुकरणीय पनि छ। नियमित हुने मुल्यांकनले यस कार्यक्रमबाट सयौं स्वयंसेवीहरू उत्प्रेरित भएका, धेरैले आत्मविश्वास र बल बढाएका, कयौंले पढाई शुरु गरेका, उद्यमशील बनेका र पुर्ण सन्तुष्टीको अनुभव गरेका पाइएको छ।

# टेवाः स्वच्छ पानीको सागर पो रहेछ



**बसन्त देवकोटा**
पुस्तकालय अधिकारी

गैह्र सरकारी क्षेत्रमा काम गर्ने क्रममा "रिड" को स्वयंसेवी रुपमा सन् २००३ को मध्यतिर खोटाङ्गको जालपादेवी पुस्तकालय निरिक्षण गर्ने क्रममा दिक्तेल जानु पऱ्यो। गाईघाटबाट ३ दिनको पैदल यात्राबाट खोटाङ्ग पुगिदो रहेछ। आन्तरिक द्वन्दले देश चरम सिमामा पुगेको बेला यात्रा पनि अत्यन्त कठिन पुर्ण रह्यो। गाईघाट बजारको एउटा पसलमा मानिसहरूको भिड थियो। हामी पनि त्यही गयौ बास्तवमा त्यहाँ भरियाहरूको भिड रहेछ। पसलेले दिक्तेल पुऱ्याउने सामानको लागि भरियालाई सामान जिम्मा लगाउँदै थियो। के बुढाबुढी के युवा सबै त्यहाँ उपस्थित थिए। त्यसको अलावा १०/१२ बर्षका बालबालिकाहरू समेत हुलमुलमा असिन पसिन गरेर पसेको देख्दा मलाई उत्सुकता छायो र मैले प्रश्न गरे बाबु कति दिनमा दिक्तेल पुगिन्छ ? बिचरा उसले सहज रुपमा जबाफ दियो भारी बोकेर त ६/७ दिनमा। उसका अगाडीको भारीलाई देखाउदै मैले फेरी प्रश्न गरे, कति के.जी. सामान छ ? उत्तर सहज थियो ११ के.जी.। मेरा अगाडी थुपै प्रश्नहरू थिए जस्तै बालकले आफुभन्दा पनि गह्रुङ्गो भारी बोक्न किन बिवश छ ? बिचरा त्यो बालक मेरा प्रश्नको जबाफ दिन भन्दा पनि भारिको डोरी सकि नसकी कस्दै थियो। मलाई अझै सोधौं सोधौं लाग्यो र मैले सोधें एक के.जी. सामान बोकेको कति ज्याला पाईन्छ ? उसले जबाफ दियो २० रुपैयाँ हो तर २ रुपैयाँ पसले साहुजीले खान्छ र हामीलाई १८ मात्र दिन्छ। तब मात्र मलाई थाहा भयो पसल अगाडीको त्यो भिड प्रत्येक सामानको प्रति के. जी. २ रुपैयाँ नाफाको लागि मात्र रहेछ।

यस कुराले मलाई ज्यादै पोल्यो कि मानवअधिकार तथा बालअधिकारको नाममा बर्षाको च्याउ उम्रेझैं जन्मेका गैह्र सरकारी संस्था र तिनले काठमाण्डौंका पाँचतारे होटलमा गरेका सेमिनारले यि बालकको आवाज बोलेको छ कि छैन होला ? बालश्रमलाई निषेध गर्नुपर्दछ भनेर चेतनाको पाठ सिकाउनेहरूले बालश्रम माथी भएको शोषणका बारेमा किन मौनता साँधिरहेका होलान् ? यि आदी प्रश्नहरू मेरो मनस्पटलमा सदा सर्बदा चलमलाई रहन्थ्यो। अझ कोशीको किनारै किनार थुप्रै बालबालिकाहरू सकि नसकी भारी बोकेर फाटेको टोपीले पसिना पुछ्दै मैलो रुमालमा पोको पारेको सातु खाएर बसेको देख्दा कस्को आँखा नरसाउला ? यस्ता थुप्रै बिडम्बना मध्ये पनि एकजना ६ बर्षकी बालिका सकि नसकी भुईमा झोला फालेर लामो सुस्केरा हालिन्। मलाई लाग्यो उनको त्यो सुस्केरा शरिरले थाम्न नसकेको तौलबाट उत्पन्न पिडाको बिष्फोटन मात्र थियो। उनको त्यो बस्तुगत यथार्थता देखेर मैले उनका बाबुसँग सोधें, दाजु यिनलाई किन ल्याउनु भएको ? मेरो प्रश्नको जबाफमा दाजुले भने "के गर्ने खाजा खर्च भने पनि बोकीदिन्छे भनेर ल्याएको, खै आज त सकिन"। मलाई दया लाग्यो मैले पुनः प्रश्न गरे तपाईले नै बोकेर यिनलाई स्कुल पठाएको भए राम्रो हुने थियो की, मात्र के भनेको थिए उनले ठाडै जबाफ दिई हाले, "पढेर के हुन्छ ? एकपाथी पिठो बोकी दिँदा मैले २ धार्नी सामान बढी बोक्न सक्छु। २ धार्नी सामानको ज्यालाले अर्को एक हप्ता हाम्रो परिवार पाल्नुपर्छ"। दाजुको जबाफ मलाई एकातिर ठिकै लाग्यो। बाध्यता र बिवशताको कसीमा राखेर हेर्दा भने अर्कातिर ठुलो चोट पनि पऱ्यो। समाज कल्याण परिषद्मा दर्ता भएका करिब १३० भन्दा बढि अन्तर्राष्ट्रिय र १८,५०० भन्दा बढि राष्ट्रिय गैह्र सरकारी संस्थाहरू छन्। अझ जिल्ला प्रशासन कार्यलयमा दर्ता भएका तर समाज कल्याण परिषद्सँग आबद्धता नभएका करिब ३२ हजार गैह्र सरकारी संस्थाहरू देशमा कार्यरत छन्। यिनीहरूले समाज कल्याण परिषद्सँग स्विकृती लिएर मात्र बिकास कार्यमा बार्षिक ५ अरब रुपैयाँ खर्च गरिरहेको छ (स्मारिका २०६२)। यति ठुलो धनरासी खर्च गरेको देखाएता पनि त्यतिनै अनुपातमा प्रशासन खर्च छुट्याएका हुन्छन्। एकातिर अरबौं रकम बिकास खर्चमा छुट्याएर पनि तमाम नेपालीहरूको अवस्था तिनै खोटाङ्गी भरियाहरूको जस्तो कहालीलाग्दो कथा सुन्दा र देख्दा मलाई गैह्रसरकारी संस्था प्रति वास्तवमै घृणा पैदा भयो। मलाई सधै लाग्न थाल्यो हाम्रो देशका ३९१३ गा.बि.स. तथा ५८ नगरपालिकामा मात्र काम गर्न ३२००० गैह्रसरकारी संस्थाहरू आबद्ध छन्। यदि समानुपातिक रुपमा बितरण गराउने हो भने पनि एउटा गा.बि.स.मा ८ वटा गैह्रसरकारी संस्था पर्न आउँछ। सबैले मानविय धर्ममा लाग्ने हो भने पनि देशका अबस्था यस्तो जर्जर हुने थिएन। एकातिर देशको यस्तो दुर्दशा र अर्कातिर बिकासका नाममा प्रचलित एउटा कथनले मलाई सधै दिक्क बनाई रहन्थ्यो। कथन यस प्रकारको थियो कि हिउँले हात झरेको असहायलाई एउटा पर्यटकले १० डलर दिएछ। त्यो देखेपछि अर्को ब्यक्तिले

आफ्नो दुबैहात काम नलाग्ने बनाएर सडक पेटीमा माग्न बसेछ। त्यसको त्यो दुर्गती देखेर अर्को पर्यटकले १०० रुपैयाँ दिएछ। यि दुबैको दैनिक आम्दानीबाट लोभिएका अर्को एक जनाले आफ्नो दुवै हात र दुवै खुट्टा गुमाएर माग्न बसेछ। पर्यटकहरूले यस्ता त धेरै रहेछन् भनि सहयोग गर्न छाडेछन्। हो यो कुनै कथा नभएर बिदेशी दाताहरूले बिश्वका तेश्रो मुलुक माथी लगाउँदै आएको आरोप हो। यस अर्थमा यो हाम्रो सन्दर्भमा सान्दर्भिक हुनु पर्दछ कि नेपालीहरू बिदेशीहरूको मात्र भर पर्दछन्। आफ्नो श्रोत र साधनहरूको बिकास गर्नको सट्टा भएका श्रोत साधनहरू पनि बिगारेर सधै विदेशीहरूको भरमा मात्र आश गरिरहेका हुन्छन्। अर्थात् आफु केही पनि गर्न सक्दैनन् भन्नेहरूका लागि यो गायत्रीको मन्त्र जस्तै बारम्बार उच्चारण भैरहेका हुन्छन्। मनमा यस्ता कौतुहलता हुँदाहुँदै सन् २००४ बाट टेवामा स्वयंसेवीको रुपमा प्रवेश भए। टेवा प्रवेश गरेपछि मेरो काम पुस्तकालय ब्यवस्थापन गर्नु थियो, म त्यसमा ब्यस्त रहे। मेरा कौतुहलताहरू यथावत् नै रह्यो। निश्वार्थ भावले सामाजिक सेवामा संलग्न हुन्छु भनेर प्रतिबद्धता जाहेर गरेकाहरूको आडम्बर र तडक-भडक देख्दा मेरो मनमा सधै खिन्नता छाउथ्यो। देशलाई बिश्व समुदायको अगाडी भिखारी बनाएर आफु अमिर बनेका थोरै ब्यक्तिहरू मेरा आँखा अगाडी घुमिरहेका थिए। समयको अन्तराल सँगै जब मैले टेवालाई नजिकबाट नियाल्ने अवसर पाएँ, मेरा मनस्पटलमा एकाएक परिवर्तन आयो। मेरो सोचाईको उत्तर मैले कसैसँग सोध्नु परेन एक पछि अर्को हुँदै देखापरे।

नेपालीबाट अर्थ संकलन गरि ग्रामिण महिलाहरूको उत्थानमा अनुदान दिनु यो कार्य ज्यादै चुनौतीपुर्ण कार्य हो। टेवा यस कार्यमा पुर्णतया सफल रहेको छ कि जस्तो लाग्दछ। जबकी एक दशकको अन्तरालमा टेवाले नेपालीहरूबाट एक करोड १२ लाख रुपैयाँ अर्थ संकलन गरि नेपालका ग्रामीण महिलाहरूको लागि अनुदान स्वरुप सहयोग गर्नु कुनै चानचुने कुरा होईन। मलाई धेरै रुपैयाँ संकलन गरेकोमा भन्दा पनि बिश्वमा दोश्रो ईथियोपिया बनेका नेपालीहरूको यस्तो कार्य कुसलताको अन्तराट्रिय जगत्का जो कसैले पनि अन्तर्रआत्मा देखि प्रशंशा गर्नु पर्दछ भन्ने लाग्दछ। त्यस माथी पनि टेवाले स्वयंसेवीहरूको प्रयत्नबाट यस्तो महान् कार्य सम्पन्न हुनु सबैको लागि अनुकरणिय पक्ष हो। यस तथ्यले मलाई बिश्वका दाताहरूले आश्रित तेश्रो मुलुकका नागरिकहरू माथि भन्ने गरेको परनिर्भरताको मन्त्रलाई राम्ररी जवाफ दिएको छ जस्तो लाग्दछ। टेवाको जस्तै स्वाबलम्बी तथा आत्मनिर्भरताको बाटो हामी सबैले अँगालेको खण्डमा बिदेशीहरूको अगाडी सधै नतमस्तक बनिरहनु पर्दैन। व्यापारिक तथा व्यवसायिक मानिसहरूलाई समेत टेवाले समेट्न सक्नु यो दोश्रो महत्वपुर्ण पक्ष हो। ब्यापारिक तथा ब्यवसायीकहरू मुनाफामा संचालित हुन्छन् र टेवाले सो क्षेत्रलाई नियमित दाताको रुपमा रुपान्तरण गराईरहेको छ। टेवाको यस अभियानमा दाताहरूको संख्या दिन प्रतिदिन थपिदोँ छ।

तेश्रो पक्ष हो बलिदानपुर्ण भावना। मलाई कवि भूपि शेरचनको एउटा पंक्तिको याद आयो, "हुदैन बिहान मिर्मिरे तारा झरेर नगए, बन्दैन देश दुई चार सपुत मरेर नगए"। वास्तबमै यो टेवाको जीवनमा महत्वपुर्ण हुन आउँछ। जीबनको यौवन अवस्थामै बज्रिएको दैबिक प्रहारको बज्रपातबाट कति बिचलित नभई, यू.एन. जस्तो गरिमामय सेवालाई तिलाञ्जली दिदै नेपाली महिलाहरूको लागि मरिमेट्ने नेपाली चेलीको नाम हो रीता थापा। जसले ३ वटा डुङ्गामा खुट्टा राखेर चेतनाको समुन्द्र पार गराउन नेपाली महिलाहरूको लागि जुन सपना बोक्नुभयो त्यो सबैका लागि खोजको बिषय हो। अरु २ वटा डुङ्गाहरू आफ्नै गतिमा तैरिरहेका होलान् तर टेवा रुपी डुङ्गा भने सफल अवतरणको बाटो समाती सकेको छ भन्ने आभास मिल्दछ। यसका लागि दिदी रिता, उहाँका सहकर्मी तथा सहयात्री सबै धन्यवादको पात्र बन्नुभएको छ।

अन्ततः मेरा मनस्पटलमा देखापरेका बिभिन्न शंका उपशंकाको निवारण मलाई टेवाबाट मिल्यो। म टेवा प्रति कृतज्ञ छु। अब मलाई टेवाले जस्तै साच्चै नेपालीको हितमा आफुलाई उभ्याउने संस्थाहरू नेपालमा कति होलान् त्यो संख्या जान्ने चाहना बढिरहेको छ। अतः टेवा मैले सोचेको जस्तो चौतिस हजार गैह्रसरकारी संस्था नभई एउटा स्वच्छ पानीको बिशाल सागर रहेछ। देशको कुनै पनि अनुकुल परिस्थिती रुपि बाढीले यो स्वच्छ पानीको मुहानमा धमिलो बनाउने काम नहोस् - यही मेरो कामना।

# टेवा भवनको महत्व र वास्तविकता



**मिना गुरुङ्ग**
जनसम्पर्क अधिकृत

सन् २००१ सालमा स्वयंसेवीको रुपमा टेवा जस्तो पवित्र संस्थामा प्रबेश गर्ने सुवर्ण अबसर प्राप्त भए पश्चात् मैले टेवालाई नजिकबाट चिन्ने मौका पाएँ। ग्रामीण महिलाहरूलाई अनुदान स्वरुप आर्थिक सहयोग दिने यस महिला सशक्तिकरणको निम्ति समर्पित संस्थाको लक्ष्य तथा उद्देश्यले मेरो मन छोयो। आर्थिक रुपले आफुलाई प्रस्तुत गर्न नसकेपनि परोपकारी संस्कारको बाताबरण पाएकी हुनाले आफुले सिकेको स्रोत र साधनको सही उपयोग गरि यस कार्यमा लगानी गर्न सक्छु भन्ने मान्यता राख्छु।

हाल म टेवामा नियमित कर्मचारीको रुपमा कार्यरत छु र जग्गा तथा भवन ब्यवस्थापन सम्बन्धी जिम्मेवारी लिएको छु। टेवाले आफ्नो अक्षयकोष जमिनमा लगानी गरी नेपालीहरूको स्वामित्वमा कार्यालय भवन खडा गरी टेवाको बिभिन्न कार्यक्रम आफ्नै भवनबाट संचालन गरिरहेको छ। यी सफलताहरु संस्थापिका रिता थापा दिदीको लगनशीलता र आत्मबलको प्रतिफल हो।

टेवा सँग राम्ररी परिचित नभएकाहरूबाट टेवा धनाढ्य बर्गको संस्था हो, टेवाले भवन बनाएर देखावटी गर्‍यो भन्ने सुन्नमा आउँछ तर यस संस्थाले भवनहरू किन निमार्ण गर्‍यो, यसको औचित्य के हो, टेवाले अर्थ संकलन कसरी गरिरहेको छ भन्ने बिविध प्रकारका जिज्ञासाहरूको जवाफ हामीले भाषणमा होईन काममा देखाउनु छ। यो कुनै ब्यक्तिको नभई **नेपाल भरीको महिलाहरूको साझा थलो हो** र अन्तर्राष्ट्रिय स्तरमा पनि यो एउटा अनुकरणीय कार्य हुनेछ भन्ने कुराहरू पारदर्शी रुपमा देखाउनु छ।

टेवा आफैमा आत्मनिर्भर, स्वाबलम्बी बन्ने उद्देश्य यस जग्गा तथा भवन परियोजनामा भइरहेको छ। सामुदायिक भवन निमार्णको लागि अर्थ-संकलन अभियान चलिरहेको छ र यस सामुदायिक भवन पनि टेवाले नेपालीहरूको स्वामित्वमा निमार्ण गर्ने लक्ष्य राखेको छ। सामूदायिक भवनका लागि सहयोग गर्ने दाताहरूको नाम काठको कलात्मक पिपलको बृक्षमा अंकित गरिने छ। अतः हामी यहाँहरूलाई आव्हान पनि गर्छौं कि हाम्रो साथलाई साथ दिनुहोस्।

त्यस्तै गरि टेवा खाजाघर तथा कला संग्रहालय, खुल्लामञ्च, भाडामा दिने पसलहरूको निर्माण कार्य पुरा भई संचालनमा आइसकेका छन्। यी भवनहरुमा आफ्नो अर्थ-संकलन कार्यक्रम तथा अन्य कार्यक्रम संचालनका साथै बाहिरी प्रयोजनका लागि पनि दिने र सेवा शुल्क बापत जम्मा भएको रकमबाट टेवाको सञ्चालन खर्च व्यहोरीनेछ।

टेवाले महिला अनुदानमा मात्र सिमित नरहेर समुदायकै बालबालिकाहरुलाई लक्षित गरि बालबालिका कार्यक्रम पनि संचालन गरीरहेको छ। बालबालिकाहरूका लागि मुख्य रुपमा बौद्धिक बिकास, परोपकारी संस्कार, अतिरिक्त क्रियाकलाप आदि जस्ता स्कुलको पाठ्यक्रममा भन्दा फरक कुराहरू सिकाईन्छ। यस कार्यक्रमले अवश्य नै बालबालिकाको चौतर्फी बिकास हुनेछ र यिनै बालबालिकाहरू भविष्यको कर्णधार भएकाले यस प्रकारका सस्कारहरू सिकाउनु अति आवश्यक देखिन्छ।

दश बर्षमा टेवाले लिएको फड्कोलाई नियाल्दा यस सफलतामा पुग्नुमा संस्थापिका देखी सबै सदस्यहरू, स्वयंसेवी तथा कर्मचारीहरूको साझा प्रयास हो भन्नेमा दुई मत नहोला।

# जीवनका घाउमा टेवारुपी मलम



**मुक्ता श्रीवास्तब**
स्वयमंसेवी कर्मचारी

म एक शिक्षिका भएकाले शिक्षण कार्यमा आफुलाई संलग्न गराई रहेको थिएँ। मलाई लाग्दथ्यो शिक्षण पेशा पनि समाज सेवा नै हो। त्यसैले म आफूलाई त्यही पेशाबाट अगाडी बढाउन चाहन्थे। मेरो सानो, सुखी र रमाईलो परिवार थियो। अकस्मात् मेरो जीवनमा एउटा कालो बादल आएर ढाकिदियो। अनि त्यो दिन मेरो जीवनको सबभन्दा दुखद घटना थियो। सन् २००४ मा यति एयरलाईन्सको प्लेन दुर्घटना भयो, जसमा मेरा श्रीमान प्रमुख पाईलट हुनुहुन्थ्यो उहाँको स्वर्गारोहण भयो। उहाँको त्यो दुर्घटना नै मेरो लागी दुर्भाग्यपूर्ण बन्न पुग्यो। उहाँको त्यस घटनाले मेरो जीन्दगी अन्धकारमय भयो। सारा सपना ईच्छा आकांक्षाहरू चकनाचुर भए।

त्यसपछि मैले जीन्दगी भनेको अनिश्चित रहेछ, भौतिक सुख मात्र सुख होइन रहेछ भन्ने सोचाईले अघि गरिरहेको शिक्षण पेशालाई बिचैमा स्थगित गरी केवल घरको चारकुनामा मात्र आफुलाई सिमित गराए। अब म माथि ठूलो जिम्मेवारी थपियो। तर मन सन्तुलित नुहुँदा केही सोच्न समेत सकिदों रहेनछ। म समयलाई के गरेर बिताउने हो भनेर मात्र चिन्तीत थिएँ। त्यस दुर्घटना पछि मैले आफ्नो समयलाई त्यस्तो काममा लगाऔं जसबाट सबैको कल्याण होस् भन्ने चाहन्थे। त्यो काम समाजसेवामा मात्र रहेछ जसले समाजको भलाईको लागि मात्र काम गर्दो रहेछ। त्यसपछि मेरो मनमा समाज सेवा गर्ने भावना पलायो।

संयोग भनौ वा के भनौ त्यसै समयमा म टेवासँग सामान्य परिचित हुने अवसर पाएँ। सन् २००५ को प्रथम ब्याचको स्वयंसेवी तालिम लिएँ। तालिम पछि बल्ल मलाई थाहा भयो कि टेवाको अर्थ संकलन जस्तो महत्वपूर्ण काम स्वयंसेवीले गर्दा रहेछन्। त्यही अनुरुप मेले पनि टेवालाई आफ्नो क्षमताले सकेको सहयोग गरें। मैले गरेको सहयोग कति भयो त्यो त मलाई थाहा थिएन। टेवाले स्वयंसेवीहरूको मुल्याङ्कन गर्ने क्रममा म **"अमिर थापा अवार्ड"** बाट पुरस्कृत भएछु। म अतिनै खुशी भएँ। मलाई खुसी लाग्नु स्वभाविकै थियो। समयले मानिसलाई महान् बनाउँछ भने जस्तै मलाई पनि टेवाबाट अवार्ड पाएपछि काम गर्न अझ प्रेरित गर्‍यो। मेरो हरेक सोचाईमा टेवाको अनुहार आउन थाल्यो। म अझ टेवालाई केहि दिन सक्छु भन्ने आत्मवल थपियो।

समयको पाबन्दी सँगै मलाई टेवाका सह–संयोजक जानकी शाहले टेवामा आउन अनुरोध गर्नुभयो यो सुन्दा म एक छिन त के गरौ कसो गरौ सम्म भएँ। म माथि एक किसिमले टेवा जस्तो पवित्र संस्थामा आफूले सकेको योगदान दिने सुवर्ण अवसरलाई मैले उपयोग गर्नु सान्दर्भिक ठानी म टेवामा स्वयंसेवी कर्मचारीको रुपमा नियमित आउन थालैं। आज मेरो अध्याँरो जीन्दगीलाई थोरै भएपनि उज्यालो प्रकाश टेवाले प्रदान गरिरहेको छ। त्यसको लागि म बिशेषतः टेवा संस्थापिका रीता थापा र टेवाका समस्त परिवार प्रति आभार ब्यक्त गर्दछु।

अन्त्यमा म टेवा जस्तो पवित्र संस्था जसले महिला हित तथा उन्नतिका लागि आफूलाई समर्पित गरिरहेको छ त्यस्तो संस्थालाई आफूले सकेको सहयोग उपलब्ध गराई दिनुहुन समेत अनुरोध गर्दछु। जसरी म एउटा अनिर्णयको बन्दि बनिरहेको बेलामा टेवाले वास्तबमै मलाई टेवा प्रदान गर्‍यो त्यसै गरि समस्त देशका महिलाहरूलाई पनि टेवा संस्थाबाट टेवा पुगोस् भन्ने कामना गर्दछु।

# जीवनरुपी घाउमा टेवा रुपी मलम



**गीता घिमिरे**
सहायक कर्मचारी

जीवनको थुप्रै उकाली ओराली पार गर्दै म जब ३० औं बसन्तमा आईपुगें। लाउँलाउँ र खाउँखाउँको उमेरमा मैले अकल्पनीय निर्णय गर्न बिवस भएँ। जसरी एउटा रथका दुई पाङ्ग्रा बिचमा बेमेल भएर रथ लथालिङ्ग अवस्थामा पुग्छ, त्यसैगरी मेरो परिवार र घर पनि लथालिङ्ग अवस्थामा पुग्यो। नसालु स्वभाबका पति र पुरानो सोचाईका परिवारको पिडा सधैं खपिरहनुको सट्टा आफ्ना दुई बालबच्चाहरूको भविष्य उज्वल बनाउनुनै मैले मेरो कर्तव्य सम्झी उनीहरूको शिक्षादिक्षामा लाग्नुनै श्रेयष्कर ठानें। मैले मेरा कलिला छोराछोरीलाई छिमेकीको घरमा छाडेर इटहरीबाट आशाको किरण खोज्दै काठमाण्डौमा आई पुगेको दिन मलाई आजै झैं लाग्दछ।

कहाली लाग्दो अवस्था, नितान्त एक्लो, आफन्तले पनि नचिनेको नजानेको झैं गरिरहेको अवस्थामा एउटा निःसहारा नारीले के भोग्नु र के देख्नु परेन होला ? त्यस्तो अवस्थामा मैले टेवा प्रवेशको जुन अवसर पाएँ सायद यो मेरो जीवनको सही ढोका हुन पुगेको छ र टेवा आज मेरा लागि सबैथोक पनि भएको छ।

टेवामा काम गरेपछि मेरो दैनिक जीवन सामान्य गतिमा चलिरहेको थियो। छोराछोरीको पढाई पनि चलिरहेको थियो। अकस्मात् एकदिन एउटा दुःखद् समाचार आयो। मेरा पतिको देहवसान भएछ। म माथि फेरी अर्को बज्र थपियो। मलाई आशा थियो हामी सँगै नभएपनि उहाँ कतै बसिरहनुभएको छ, म बच्चाबच्चीको पठनपाठनमा लागिरहेकी छु, हामी अवश्यपनि कुनै न कुनै दिन एक साथमा रहने छौं। तर मेरो त्यो सपना सपनाकै रुपमा रह्यो। उहाँ सदाको लागि बिदा हुनुभयो।

मैले पनि आफ्नो संस्कार अनुरुपको काजक्रिया गर्न पशुपति गएँ। पशुपति आर्यघाटमा म एक्लो भएर रहँदा मेरो सहारा टेवा बाहेक कोहि रहेनछन् भन्ने मलाई पूनःस्मरण गरायो। टेवा कार्य समितीका दिदीहरू लगायत टेवा कर्मचारीहरू मेरा साथमा रहनु भएको थियो। छोराछोरीको पढाईमा होस् वा बिरामी पर्दाको अवस्थामा होस्, टेवा परिवारबाट जुन माया, ममता, हौसला र प्रेरणा पाईरहेको छु, त्यो ऋण म कहिलै पनि चुकाउन सक्दिन।

दिन पनि कति छिटो बित्दोरहेछ, म टेवामा आएको पनि ६ बर्ष पुगिसकेछ। महिला बिकासमा टेवाले जसरी काम गरिरहेको छ त्यो आफैमा अमुल्य छ। चाहे त्यो कर्मचारीको लागि, चाहे त्यो स्वयंमसेवीको लागि वा ग्रामिण महिलाहरूको लागि यो साच्चैको टेवा बनेको छ। अझ भनौं भने मेरा लागि त टेवा आमा पछिको सबैभन्दा महङ्गो बस्तु बनेको छ। मेरो घर पनि टेवा भएको छ माईती पनि टेवानै बनेको छ।

# कवितामा टेवा

नव किरण उदायो
शुभ प्रभात सुसन्देश लिई
नव किरण उदायो
शहरका आकाश चुम्बी भवन
गल्ली गल्ली देखि
वन पाखा कन्धरा सम्म
नव किरण उदायो।

भर्खर भर्खर अंकुर लागेका
पालुवालाई उकास्दै
अन्तर आत्मामा लुकेको प्रतिभालाई नियाल्दै
सुक्न लागेका मुनालाई वर्षा वर्षाउँदै
लटरम्म फल लागेको बृक्षलाई टेवा दिँदै
नव किरण उदायो।

सुनौलो अवसरबाट बन्चित भएका
केहि गर्नै सक्तैन भनी ओझेलमा परेकालाई
गाउँघरबाट शहर डुल्दै राष्ट्र हुदैं
अन्तर्राष्ट्रिय सामु परिचित गराउँदै
उच्च शिखरमा पुऱ्याई हौसला बढाउँदै
नव किरण उदायो।

एक दशक आयु पुग्दा नपुग्दै
यतिका हस्तीहरुलाई सुसम्पन्न बनाउंदै
आफ्नो चमत्कार देखाई युग युग अमर गराउंदै
शान्तिको सन्देश, न्यायपूर्ण समाजको
सृजना गर्ने अठोट गर्दै
नव किरण उदायो।

**द्रौपदी रोकाया**
उपाध्यक्ष, टेवा
धापाखेल, ललितपुर

जाति पाति भेदभाव नगर, नगर
टेवा संस्था आई पुग्यो गाउँघर
यो देश हाम्रै हो।

टेवा संस्था गरिबको साहारा
देशमा ल्याउने हो दिगो आधार
यो देश हाम्रो हो।

गाउँघर गरिब थियो, थियो
कुखुरा पालन आयआर्जन भै दियो
यो देश हाम्रै हो।

कुखुरा छन् बाख्रा नी पालेको, पालेको
शान्तिको छ दियो बालेको
यो देश हाम्रै हो।

अब महिला छन् धेरै बुझेको, बुझेको
केटाकेटी पढन थप टेवा पुगेको
यो देश हाम्रै हो।

विदेश जाने नगर मति नगर मति
उद्यम गरे यहि छ सम्पती
यो देश हाम्रै हो।

महिलाहरू हुदैनन् घर-घर बन्दी-बन्दी
गर्छन् काम आय आर्जन सम्बन्धी
यो देश हाम्रै हो।

दिदी बहिनी जाम माथि, माथि
बिकाशको डोरीलाई समाती
यो देश हाम्रै हो।

**गोमा पौडेल**
अध्यक्ष, जनजागरण महिला समुह,
सौरहवा गा.बि.स. ७, बर्दिया



# टेवा नेपालको टेवा नभए हाम्रो निरन्तरतामा कठिनाई

**खिनु लङ्वा**
अध्यक्ष, महिला सिर्जना समाज

ईलाममा स्वावलम्बी समाजको सिर्जना गरौ भन्ने परिकल्पना लिएर वि.सं. २०५१ सालमा जिल्ला प्रशासन कार्यालय, ईलाममा दर्ता भई सोही सालमा नै समाज कल्याण परिषद्मा दर्ता भएको संस्था महिला सिर्जना समाज हो। स्थापना कालदेखि निरन्तर रुपमा छरिएर रहेका विपन्न तथा पिछडिएका महिलाहरूलाई सचेतना कार्यक्रम मार्फत समुहमा आबद्ध गर्दै आएको छौ।

समुहमा आवद्ध महिलालाई वातावरण तथा सरसफाई सम्बन्धी ज्ञान दिदै आय आर्जनतर्फ उन्मुख गराईन्छ। यस बाहेक महिलाको हकहित, संरक्षण र नेतृत्व क्षमता अभिबृद्धि जस्ता क्रियाकलापमा क्रियाशिल छौ। समुहमा आबद्ध महिलाहरूलाई आत्मनिर्भर नबनाई उनीहरूको अन्य क्षमतामा अभिबृद्धि भए पनि पुरुष प्रधान सामाजिक संरचनाले गर्दा खुलस्त रुपमा आउन अवरोध सिर्जना गर्दोरहेछ। मुलतः विभिन्न पिछडिएका महिला वर्गलाई आय आर्जन जस्ता लघु घरायसी कार्यक्रममा क्रियाशिल बनाउन पर्ने महशुस भयो। वास्तवमा यो एउटा मौलिक चुनौति थियो। त्यस बखत टेवाकी संस्थापक रिता थापासँग संस्थाको परिचय लिने र दिने शुभ अवसर मिल्यो। त्यसपछि महिला सिर्जना समाज ईलामले विपन्न महिलाहरूको आय आर्जन कार्यक्रम नामक प्रस्तावना पत्र पेश गऱ्यो। सो कार्यक्रम स्वीकृत भई टेवाबाट रु. ४०,०००।- प्राप्त गर्न यो संस्था सफल भयो। २० परिवारका महिलालाई बाख्रा वितरण गरियो। जुन कार्यक्रमले गर्दा आज ति महिलाहरूलाई घरायसी समस्या टार्न घर मुलीलाई सोध्नु पर्ने र अनुमति लिनुपर्ने प्रचलनको अन्त्य भएको कुरा महिला साथीहरू व्यक्त गर्नुहुन्छ।

टेवा नेपालको कार्यक्रमको प्रभावलाई विश्लेषण गरी पुनः दोश्रो कार्यक्रममा रु. ५०,०००।- आय आर्जनको शिर्षकमा यो संस्थाले प्राप्त गऱ्यो। यस प्रकार दुईवटा आय आर्जन कार्यक्रमले ईलाम जिल्लाको गोर्खे र प्याङ्ग गाविसका महिलाहरूलाई समुहमा संगठित हुन आकर्षण बढाएको छ। आज समुहमा आबद्ध महिलाहरूले आफ्नो समस्या गा.वि.स.को कार्यालयमा प्रस्तुत गर्ने क्षमता अभिबृद्धि भएको छ। उनीहरूको घरेलु समस्यामा न्यूनीकरण भएको छ। आकस्मिक पर्ने दैबिक समस्याहरूमा समुहका संकलित रकमले समस्या समाधान तर्फ केन्द्रित हुँदै गएको छ।

टेवाले विपन्न महिलावर्गको क्षमता अभिबृद्धिलाई बस्तुगत मुल्याङ्कन गर्दै, आम विपन्न पिछडिएका महिलाको हितमा काम गरेको पुष्टी भएको छ। त्यसकारण महिला सिर्जना समाज ईलाम टेवालाई कृतज्ञता प्रकट गर्दछ। सहयोग दोहोरो हुन्छ भन्ने मान्यता अनुरुप यस संस्थाले टेवाको लक्ष्यलाई साकार पार्न थोरै भए पनि आर्थिक सहयोग गर्ने अवसर पाउँदा गौरव ठानेको छ। वास्तवमा टेवाले यस संस्थालाई टेवा नदिएको भए विपन्न महिला वर्गलाई अगाडी बढ्न निरन्तरता दिन कठीन थियो। त्यो कठिनतालाई सहज ढंगले सामना गर्ने अचुक औषधी टेवाबाट मिल्यो। भविष्यमा टेवाले आर्थिक तथा सामाजिक न्यायमा पहूँच बढाउन कार्यक्रमहरूलाई सधैं आम महिलावर्गको हक हितलाई संरक्षण र सम्बर्द्धन गर्न निरन्तर क्रियाशील रहोस् भन्ने कामना गर्दछु।

(खिनु लङवा, महिला सिर्जना समाज, ईलामका अध्यक्ष हुनुहुन्छ।)

# फस्टाउदै गरेको बाख्रा पालन व्यवसायः एक सफल उदाहरण

**बिमा कुमारी थापा**
सचिव, महिला जागरण केन्द्र

रत्ना थापा बागलुङ्ग जिल्लाको दगातुन्डाँडा गा.बि.स. वडा नं १ मा वि. सं. २०१७ सालमा जन्मनु भएको हो। उहाँले ५ कक्षा अध्ययन पुरा गर्नुभएको छ। वागलुङ्ग जिल्लाको दुर्गम क्षेत्रमा जन्मेर कृषि क्षेत्रलाई नै निरन्तरता दिदै आउनु भएकी रत्ना थापाको दुई दिदी र १ भाई हुनुहुन्छ। आमा बुबाकी कान्छी छोरी रत्नाले बाल्याकालमा धेरै दुःख गर्नु परेन। २०४२ सालमा पोखरा गएर १ वर्षको सिलाई बुनाई तालिम लिनु भएको थियो। दुर्भाग्य भनौं त्यसै समयमा आमाबाबु दुबै जना बिरामी पर्नुभयो। उहाँ पोखराबाट घर फर्केको केही समयपछि बाबुको मृत्यु भयो र ६ महिनापछि आमाको पनि मृत्यु भयो। २ दिदीहरू विवाह गरी आ-आफ्नो घर गईसकेकाले घरको सम्पुर्ण जिम्मेवारी उहाँको काँधमा आयो। उहाँको १ मात्र भाई पनि भारत पसेर घर नफर्केकाले बुहारी पनि एक छोरा छाडेर अन्तै बिहे गरेर गईन्। यसरी छिन्नभिन्न भएको परिवारलाई सम्हाल्दै रत्ना हाल १ भतिजासँग बस्नुहुन्छ।

घरमा मात्र सिमित रहँदा अरु कसैसँग भेटघाट नहुने र मनका पिर व्यथाहरू पनि साट्न नपाईने हुँदा २०५७ सालमा महिला जागरण केन्द्र दगातुन्डाँडाले गठन गरेको समाजसेवी महिला समुहमा आबद्ध हुनुभयो। समुहको अध्यक्ष पदमा रही रत्ना महिला दिदीबहिनीहरूलाई बैठक बस्ने, नियमित बचत गर्ने र महिलाहरूलाई आय आर्जनमुलक कार्यमा अग्रसर गराउँदै २०५७ साल आषाढ महिनामा म.जा.के. दगातुन्डाँडाले टेवाबाट बाख्रा पालन कार्यक्रमको लागि अनुदान प्राप्त गऱ्यो। समुहमा बाख्राका पाठीहरू लगानी पनि गरियो। ती बाख्रा पाल्ने सबै महिला मध्ये रत्ना पनि एक हुनुहुन्छ।

२०५७ साल देखी उहाँले एउटा पाठीबाट बाख्रा पालन व्यवसाय शुरुवात गर्नुभयो। बाख्राले राम्रो आम्दानी दिन थालेपछि दुईवटा बाख्रा पाल्न थाल्नुभयो। यो व्यवसाय फस्टाउदै हालसम्म २७ वटा पाठापाठीहरू जन्मिसकेका छन्। पाठापाठीहरू तथा खसीहरू बिक्री गर्दा कम्तिमा रु. २०००/- सम्ममा बिक्री गर्ने गर्नुभएको छ। हाल उहाँ एक सफल बाख्रा पालन व्यवसायीको रुपमा चिनिनुहुन्छ। यस क्षेत्रमा उहाँ उदारणीय महिलाको रुपमा स्थापित हुन सफल हुनुभएको छ।

रत्ना थापा एक ईमान्दार मिहिनेती र परिश्रमी महिला हुनुहुन्छ। हरेक क्षण उहाँ काममा व्यस्त हुनुहुन्छ। फुर्सदको समयमा बाख्राका पाठापाठीहरूसँग खेल्नु उहाँको दिनचर्या हुन्छ। आम्दानीको मुख्य स्रोत नै उहाँको बाख्रा पालन व्यवसाय भएकोले उहाँले हरेक समयमा टेवालाई सम्झनुहुन्छ र भन्ने गर्नुहुन्छ कि टेवा भनेको ग्रामीण महिलाहरूको साहारा रहेछ। त्यसैले टेवा उहाँ जस्तो असहाय महिलाहरूको हितको लागि अझ दुर्गम क्षेत्रहरूमा पनि पुगोस् भन्ने कामना गर्नुहुन्छ।

(बिमा कुमारी थापा, महिला जागरण केन्द्र, दगातुन्डाँडा, बागलुङ्गका सचिव हुनुहुन्छ। यो लेख रत्ना थापा सँगको कुराकानीमा आधारित छ।)



# हाम्रो मानसपटलमा टेवा

**लक्ष्मी भट्ट**
अध्यक्ष, वाईड नेपाल

सशक्तिकरण र समाबेशीकरणका माध्यमबाट महिला तथा बालबालिकाहरूको जीवनस्तर सुधार गर्न र बिकासमा पछि परेकाहरूका लागि समाजिक जागरणका माध्यमबाट दार्चुला जिल्लाका गाउँगाउँमा क्रियासिल रहन हामी प्रयत्नशील छौं। यस संस्थालाई टेवाको सहयोग र सहकार्यले निकै ठूलो हौसला प्राप्त भई महिलाहरूलाई आत्मनिर्भर बनाउने अभियानको थालनीमा सहयोग पुगेको छ। आम नेपालीहरूबाट अर्थ संकलन गरी सकेसम्म स्वदेशी पूँजी परिचालन गरी, गरीब विपन्न तथा पछाडी पारिएका महिलाहरूलाई लक्षित गरी आय आर्जन, सीप विकास, नेतृत्व विकास तथा सशक्तिकरण गर्न टेवाले देखाएको आँट आफैमा सराहनीय र उदाहरणीय रहेको छ। दुर्गम, विकट र राज्यको समेत भरपर्दो पहुँच हुन नसकेको दार्चुला जिल्लामा थोरै नै भए पनि ग्रामीण महिलाहरूलाई आत्मनिर्भर तथा स्वाभलम्बनका लागि सघाउन टेवाले यस जिल्लामा पाइला टेकेको छ।

यस जिल्लाको परिवेशमा भन्नु पर्दा, उपलब्ध साधन स्रोतहरूमा पनि महिलाहरूको न्यून पहुँच, समावेशी निर्णय प्रक्रियामा अनुपस्थिती, स्वास्थ्य, शिक्षाको अवसरबाट बन्चित महिलाहरूलाई विकासको मूलधारमा ल्याउने टेवाको अभियानबाट महिलाहरूमा जागरण सृजना भएको छ। अब केहि गर्नु पर्छ र बिकास निर्माणमा महिला पुरुषको समान सहभागिता हुनु पर्दछ। साथै सामुहिक कामका लागि संगठित भई सहयोगीहरूको सानो सहयोगले पनि सुखद शुरु गर्न सकिन्छ भन्ने आत्मविश्वास पलाएको छ। महिलाहरूलाई चूलो चौकोमा सिमित नराखी जस्ता सुकै चुनौतीहरूमा पनि उनीहरू केहि गर्न सक्छन् भन्ने टेवाले सिकाएको छ। टेवाको सहयोगले महिलाहरूमा भएको सीप र क्षमताको विकास भएको छ। दाज्दा समानात्मक अनुदानको रुपमा थोरै भए पनि महिलाहरूलाई अवसर प्रदान गरेको छ र आत्मनिर्भर हुन टेवाले परिवर्तन मुखी प्रेरणा दिएको छ।

टेवासँग सहकार्य गर्दा (अशिक्षित, अवसरबाट बन्चित र अधिकारको उपयोग गर्न नसक्ने ग्रामिण बस्तीमा आय आर्जन माध्यमबाट ग्रामिण महिलाहरूको जिवन स्तरमा आमूल परिवर्तन गरी साधन र स्रोतमा महिलाहरूको पहुँचमा बृद्धि गर्न सकिन्छ) पूँजी मात्र ठूलो कुरा होईन, ठूलो प्रयासले पनि धेरै थोक प्राप्त गर्न सकिन्छ भन्ने अनुभव यस संस्थाले प्राप्त गरेको छ। स्रोत साधनले सम्पन्न ठूला संघ-संस्थाहरूलाई अवसर प्रदान गर्ने, लक्षित वर्ग र समाबेशिका चर्का नाराहरू लगाई बास्तविक लक्षित वर्गहरूको उत्थानको नाममा विदेशी पूँजी भित्राउने प्रवृतिलाई निरुत्साहित गर्दै, टेवाले महिला र बालबालिकाको क्षेत्रमा केही सार्थक प्रयासको थालनी गर्नुपर्छ भनि स्थापित यस संस्थाले प्रदान गरेको भरपर्दो सहयोग, समय समयमा प्राप्त सल्लाह सुझाव एवं त्यस संस्थाबाट भएको मित्रवत् व्यवहार वाइर्ड नेपालको मानसपटलमा रहिरहने छ।

आशा छ भावी दिनहरूमा टेवाले दिने अनुदानमा समयानुसार वृद्धि हुँदै जानेछ र समाजिक न्याय, सुशासन र महिला अधिकारबाट वन्चित दार्चुला जिल्लाका ग्रामिण भेगका जोशिला र कर्मठ महिलाहरूको क्षमता उजागर गर्न हौसला प्रदान गर्दै जानेछ भन्ने अपेक्षा राख्दछौं। साथै टेवाका महान् अभियान प्रति एक्यवद्धता जनाउँदै टेवा दशौं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा महिला एकिकृत बिकास एवं सशक्तिकरण, नेपाल (वाईड नेपाल) दार्चुलाको तर्फबाट उत्तरोत्तर प्रगति र निरन्तर सफलताको शुभकामना दिन चाहन्छौं।

(लक्ष्मी भट्ट, वाईड नेपाल, दार्चुलाका अध्यक्ष हुनुहुन्छ।)

# महिलाहरूसँगको आर्थिक अभियानमा टेवा

**फूलमती थापा**
अध्यक्ष, ख.आ.ब.ऋ.स.सं.लि.

महिला विकास सशक्तिकरणको कुरा गर्दा म लगायत मेरो साथी दुर्गा श्रेष्ठले महिला विकासको अर्थ खोतल्न लाग्यौं। आफ्नो गाउँको सम्पुर्ण महिलाहरूको घर दैलोमा जान थाल्यौं र बास्तविकतामा महिला विकास कहानेर चाहिन्छ भन्ने कुराको पत्तो लाग्यो। महिला एउटा यो अवस्थामा देखिए जहाँ सम्पुर्ण सामाजिक, सांस्कृतिक, धार्मिक, नैतिक रुपमा जेलिएर उम्कन नसकिने अवस्थामा रहेछन्। त्यो भित्र म पनि थिए। महिलाको यो संकुचित अवस्थाबाट निस्कन हामी सधैं मेलामा, घरमा र वनपातको भेटघाटमा लागी रह्यौं। हामीले यो संकल्प लियौ कि महिलाको आफ्नो उचित सामाजिक स्थान दिलाउनमा हामी जसरी पनि कोशिस गर्नेछौ। हामीले अन्य सुनेका महिला समूह र आमा समूहको अध्ययन र मनन पश्चात् यो निर्ष्कषमा पुग्यौ यो महिला समूह अरु भन्दा पृथक होस्। हामीले छिटो र तत्कालिन नतिजा खोजेनौं निरन्तरताको सिकाईबाट अगाडी बढ्न सिक्नु थियो। हामीले यो पनि महसुस गऱ्यौं कि बिकास वा मानविय अवधारणालाई परिवर्तन गर्नको लागि आउने हरेक समस्याको समाधानको लागि आफु तयार रहनुपर्छ। महिलासँगको सम्वन्धित कुनैपनि हकहित, अधिकार, सचेतना, सशक्तिकरण, लिंग विभेदीकरण, हिंसा बिरुद्धको अभियान जस्ता कुरा गहकिलो भए पनि, हामीले गर्नुपर्ने र हेर्नुपर्ने त्यो थिएन। हामीलाई महिलाको स्थान र स्तरमा परिवर्तन गर्नुथियो।

हामीले बुझ्यौं कि यदि महिला मुक्तिको लागि साँच्चै नै अगाडी बढ्ने हो भने हाम्रो मुक्तिको चेष्टा सामुहिक हुनुपर्दछ। यसको लागि सबभन्दा पहिले महिलाको आर्थिक स्थिती बलियो हुन आवश्यक छ। जुन महिलाहरू आर्थिक रुपमा निर्णय र नियन्त्रण गर्न पाएका छैनन् उहाँहरूको स्थिती अति नै नाजुक र परिवारमा पनि स्थान नभएको पाईयो। उपायको रुपमा महिलाको काम गर्ने समय घटाउने र त्यो समयलाई कसरी आयमुलक काममा लगाई उसको आर्थिक स्थिती सुधार गर्ने सोच भयो। सामाजिक शोषण बढी मात्रामा महिला परेको हामी सबैले देखेको भोगेको र महसुश गरेको कुरा हो। यसमा जब एउटा महिला सचेत रहन कोशिस गर्दछ, त्यसमा ऊ एक्लोले सक्दैन र समूहको बल जरुरत हुन्छ। तर यस्तो अभियानको बिरोध सबै तर्फबाट आयो। हामीलाई आएको अपगाल, लान्छाना र हेर्ने दृष्टिकोण सायद मेरो जिवनको अति कटु अनुभव हो। हामीले करिव ६० जना महिलामा मात्र १५ जनालाई सम्झाउन सफल भयौं र उहाँहरू महिलाको दायित्वप्रति सचेत हुनु भयो। कति जना यसको बिरोधमा लाग्यो कति आफ्नो घर परिवारजनको कारणले सामेल हुन सक्नुभएन। पछि यो संख्या २० जना भयो र आफ्ना लागि केही गर्न इच्छुक भएर बचत गर्न थालियो। हामीलाई लाग्दथ्यो जबसम्म पूर्ण आर्थिक बराबरी हुँदैन, अर्काको भरमा परिन्छ, चाहेको उद्देश्य पुरा हुँदैन।

पछि २५ जनाको समूहले "श्री खड्कमाई आमा बचत तथा ऋण सहकारी संस्था" ०५३।१।१३ गते दर्ता गरियो। यसरी दुई वर्षको अन्तरालमा महिलाहरूले थाहा पाउनुभयो कि जब महिलाले पनि परिवारको लागि सहयोग गर्न सक्छ तब परिवारमा उसले पनि स्थान पाउँने रहेछ र पाउन थाल्यो। घरको साना तिना आर्थिक सहयोग गर्नमा पुऱ्याएको सहयोगले महिलालाई केही स्वतन्त्रता मिल्यो।

यो सबै बुझेर महिला गाउँको लघुवित्त कार्यक्रममा उत्साहका साथ ऋण लिन जाँदा ऋण पाउनको लागि संस्था छोड्नुपर्ने शर्त राखियो। व्यवसाय गर्ने धोको रहेको महिलामा निरुत्साह हुन पुग्यो। यस्तैमा "त चिता म पुऱ्याउछु" भने जस्तै गरी श्री विद्या श्रेष्ठज्यूले हामीलाई टेवाको नाम दिनु भयो। हामीले जानी नजानी हामीलाई आर्थिक सहयोगको आवश्यकता भएको र संस्थाको सदस्यहरू पशुपालन गर्न चाहेको कुरा खोली पत्र पठायौ। यही पत्रको आधारमा हामीलाई टेवाले ०५४ सालमा (रु. ४००००) चालिस हजारको ड्राफ्ट पठाउँदा हाम्रो खुसीको बयान छैन।

हामीले ८ जनालाई पशुपालन भनी ऋण प्रदान गरियो। यसपछि, यसको असुल गरी फेरि हामीले त्यो रकम अर्को ८ जनालाई दिई दुई वर्षसम्म ऋण प्रदान गरियो। आज पनि ब्याज सहित त्यो निरन्तरता दिएको छ। पछि यो सदस्यको आवश्यकता अनुसार बढी दिन थालियो, आज यो चक्रको रुपमा चलिरहेको छ। हामीले त्यसलाई लोप हुनबाट यस अर्थमा बचायो की यो समूहमा पशुपालन गरेपछि त्यसको नोक्सान नहुने रहेछ। यहानेर के भन्न मन लाग्छ भने महिला ईमान्दार विश्वासीला हुन्छन्। यो संस्था उहाँहरू आफैले दर्ता गर्ने भएको र त्यसमा आफूले स्थापना गर्दाको दुःखको

महसुस भएको नाताले पनि उहाँहरू इच्छुक हुनुहुन्छ संस्था नढलोस्। हामीले यसलाई कालान्तरसम्म संचालन गर्न सकियोस्।

टेवाको अनुदान पाए पछि हामी दुई (दुर्गा श्रेष्ठ र म) टेवाको अफिसमा गयौं। टेवाको सिद्धान्त हामीले पनि अनुसरण गऱ्यौ। ऋण लिदा सेवा शुल्कको रुपमा ५ प्रतिशतको दरमा भवन बनाउन भनी कोष तयार गऱ्यौ। भवन निर्माणमा पनि अन्तिम कार्य हुँदैछ। प्रत्येक सदस्यले प्रत्येक महिना रु १ को दरमा सामाजिक सेवा कोष स्थापना गरेका छौ। यो कोषबाट छात्रवृत्ति तथा पुरस्कार प्रदान गर्ने योजना बनाएको छ। यस्तै गरि विभिन्न कोषहरूमा पनि आफ्नो आवश्यकता हेरि परिचालन गरी तालिम, छलफल कार्यक्रमहरू निरन्तरता दिएको छ। जसले गर्दा समूहमा बाधिने अदृश्य शक्ति यसमा छ, जुन महिलालाई जागरुक बनाउँछ।

भनिन्छ सिकाई वा सिद्धान्त आफ्नो अनुकुल रहेमा लिनुपर्दछ। यसर्थ हामीले टेवाको तर्फबाट धेरै सिक्ने मौका पायौ र त्यो हामीलाई राम्रो र सुहाउँदो पनि भयो। यसमा हाम्रो अनुभवमा जति श्रोत र साधनको प्रयोग गर्दै अगाडी बढ्ने चेष्टा गर्दछौ, तबमात्र हाम्रो बिकास निरन्तर र दिगो रहन्छ।

आजको यो लामो यात्रामा टेवाका साथ र सिद्धान्तलाई अनुसरण गरिएको छ। महिलाले आट गरे के गर्न सक्दैन र हामी गरिब देशका महिलाहरू मिलेर पनि देश बिकासमा साथ दिई आर्थिक विकासमा हातेमालो गर्न टेवाले सिकाई रहेको छ। सबै महिला आमा दिदी बहिनीहरू टेवाको आधारभुत सिद्धान्तमा मनन गरौ। आर्थिक स्वतन्त्रता बिना महिला स्वतन्त्रता सिर्फ अमुर्त र सैद्धान्तिक मात्र रहन जान्छ।

नमस्कार।

(जब महिला विकासको कुरा आउँछ तब लाग्छ पुरुषको केही कुरा गर्नुपर्दछ जस्तो मलाई लाग्छ। तर म पुरुषलाई मात्र दोष दिन चाहन्न। महिलालाई दबाउने, यो स्थितीमा पुऱ्याउने, स्वतन्त्रता हनन गर्ने, हिंसा गर्ने, कानूनी शोषण हाम्रो लागि अभिशाप यसकारण भयो जब महिलालाई पुरुषले दिएको सुख सुविधामा रमाउन र दुखमा चुप लागि सहन सिकियो। सम्पुर्ण नेपाली के-कस्तो अवस्थामा र कसरी छ त्यसको लेखा जोखा मसँग छैन, तापनि जति मलाई थाहा छ र काममा म स्वयं जुन संलग्न छु त्यसको आधारमा मात्र यो लेखेकी छु।)

(फूलमती थापा, खड्कमाई आमा बचत तथा ऋण सहकारी संस्था लि. बन्दीपूर आदर्श नगरोन्मुख गा.वि.स. तनहुँका अध्यक्ष हुनुहुन्छ।)

# टेवाः जस्तो नाम त्यस्तै काम

**रीना राई**
अध्यक्ष, म.उ.सी.वि.के.

टेवाको मुल संकल्प अनुकुल विदेशी दातृसंस्थाहरूमा भर पर्ने प्रवृति घटाउँदै लाने तथा नेपाली महिला र पुरुषको नियमित रुपमा चन्दा दिने बानी जगाएर खासगरी पिछडिएका नेपाली महिलाहरूलाई लक्षित गर्दै देशको दिगो र सन्तुलित बिकासतर्फ अग्रसर गराउँदै जाने लक्ष्यलाई सार्थक पारिएको टेवासंस्था, जस्तो नाम त्यस्तै काममा अग्रसर रही महिलाहरूको टेवाको रुपमा काम गर्दै आईरहेको छ।

नेपाल जस्तो अल्पविकसित मुलुकमा केही गर्छु भन्ने चाहना भएका महिलाहरूको समूह बनाउने देखी काम गर्ने तरिका समेत सिकाई, ग्रामिण क्षेत्रका महिलाहरूलाई सबैभन्दा बढी प्राथमिकता दिएर कार्य संचालन गर्दै आएको कारणले गर्दा यो संस्था लोकप्रिय हुन पुगेको छ। यो संस्थाले विशेष गरी ग्रामीण भेगमा गरीब पिछडिएका महिलाहरूलाई केन्द्रित गरी आर्थिक स्तर उकास्न आयमुलक, सिपमुलक र चेतना मुलक, कार्यक्रमहरू संचालन गर्दै आएकोले लक्षित क्षेत्रमा मानिसहरूमा बेरोजगारी क्रमिक रुपमा घट्दै जाने सम्भावना पनि बलियो छ।

टेवा संस्थाले गर्दै गईरहेको कार्य देख्दा साच्चै नै टेवा ग्रामीण क्षेत्रको लागि एक बलियो खम्बाको रुपमा सावित भएको छ किन भने टेवा आवश्यकता हेरेर समुदाय थेग्ने संस्थाको रुपमा चिनिन्छ। यस संस्थाले ग्रामिण क्षेत्रका महिलाहरूसँग हातेमालो गर्दै उनीहरूलाई प्रोत्साहन र उत्प्रेरणा दिदै आफ्नो कार्य संचालनलाई निरन्तरता दिएको पाईन्छ। यस संस्थाको कर्मचारीहरूमा पनि उत्तिकै धैर्यता लगनशीलता संस्थाका कर्मचारीमा हुनुपर्ने गुण देखिन्छ। त्यसैले सफलताको बाटोतिर लम्कदैछ टेवा संस्था।

म यति धेरै परिचित हुनुका कारण हामी महिला उत्थान तथा सिप विकास केन्द्र पनि कुनै बेला टेवाको अनुदान लिएर काम शुरु गरेका थियौं। टेवा संस्थाको सहयोगले गर्दा नै यस संस्था अहिले अन्य सँग सहकार्य गरी काम गर्न सक्षम भएको छ। महिला उत्थान तथा सिप विकास केन्द्र हाल यस अवस्था सम्म आईपुग्न टेवाको नै योगदान देखिन्छ।

यसैगरी बिकासको माध्यमबाट ग्रामीण गरिबी न्युनिकरण गर्दै जाने नेपाल सरकारको लक्ष्य बमोजिम संचालित ग्रामिण विकासको लागि गरिबमुखी, महिलामुखी, स्थानिय समुदायमुखी अवधारणामा आधारित ग्रामिण ढाँचाहरूमा बिकास गर्ने कार्यमा महत्वपूर्ण प्राथमिकता दिदै आईरहेको टेवा संस्था एघारौं वर्षमा प्रवेश हुँदा ग्रामीण समुदायको मन जित्न सफल होस् भन्दै सम्पुर्ण टेवा संस्था र त्यही योगदान दिई रहनुभएका मानिसहरूको र संस्थाको समुन्नतीको कामना गर्दछु।

धन्यवाद।

(रीना राई, महिला उत्थान तथा सीप विकास केन्द्र, मकवानपुर, मनहरी ५ प्रतापुरका अध्यक्ष हुनुहुन्छ।)

# मेरो जानकारीमा टेवा

**जम्बुबती के.सी.**
प्रमुख अध्यापक

जब मैले टेवाको नाम सुने, मलाई यो नाम साह्रै नै सारगर्भित लाग्यो। यो संस्थाले नेपालका पिछडिएका र आर्थिक रुपले कमजोर महिलाहरूलाई टेवा दिने काम गर्दो रहेछ। यस संस्थाबाट धेरै महिलाहरू लाभान्वित हुने भएको कुराहरू पनि थाहा भयो। म स्वयं पनि शिक्षाको माध्यमबाट यस गाउँका महिलाहरू खासगरी गरीब तथा जनजातिको उन्नति प्रगतिमा लागेको महिला भएको हुँदा यस संस्थाको महिला प्रति केन्द्रित उद्देश्यहरू थाहा पाउँदा र हाम्रो अति निकट छिमेकीको रुपमा पाउँदा धेरै हर्ष र गौरवको अनुभुति भईरहेको छ।

मेरो बिचारमा यसका केही विषेशताहरू निम्न अनुसार रहेको पाएँ।

- महिलाहरूबाट मात्र संचालित संस्था।
- महिलावर्गका लागि टेवा दिन रमाउने।
- नेपालीहरूबाट अर्थ संकलन गर्ने गरेको।
- सबै तहका कर्मचारीहरूको सहयोगी स्वभाव तथा जिम्मेवारीप्रति सचेतना।
- विशुद्ध समाजसेवा प्रतिको समर्पण।
- आफ्नै मेहनत र परिश्रमले आत्मनिर्भर हुन रुचाउने।

## टेवा र श्री कृष्ण उ. मा. वि.

विद्यालयको नजिकै छिमेकीको रुपमा टेवा आएपछि, हाम्रो सम्पर्क दिनानुदिन बढ्दै गयो। प्रत्येक कार्यक्रमहरूमा मैले पनि सहभागी हुने अवसर प्राप्त गरें। ती कार्यक्रमबाट फर्किंदा मेरो मनमा उत्साह आउथ्यो। एउटा महिलाले दत्तचित्त भएर कुनै काम गरेमा सफल हुन्छ भन्ने मनमा लाग्यो। सँगै छिमेकी संस्था टेवाले विभिन्न कार्यक्रमबाट आर्थिक संकलन गर्दै पिछडिएको महिला वर्गहरूलाई टेवा पुऱ्याएको देख्दा हामीले पनि घरदैलो आर्थिक संकलन कार्यक्रम संचालन गरेर उच्च मा. वि. बनाउन सकिने प्रेरणा पायौं। लोकहितको काम गर्दा भगवानले पनि मद्दत पुऱ्याउँछ भने झैं आज सफल भै यस स्कूलमा उच्च माध्यमिक तह संचालन गरी यस गाउँका गरीब छात्रछात्राहरूलाई उच्च मा. वि. अध्ययन गर्न टाढा जान नपर्ने अवस्था सृजना गरेका छौं। यस कार्यमा टेवाबाट भएको आर्थिक तथा नैतिक सहयोग हाम्रो लागि सफलताको एउटा हिस्सा बनेको छ। साथै भविष्यमा पनि यस्तै सहयोगको अपेक्षा राख्दछौं। यस्तो समाजसेवामा समर्पित संस्था गाउँमा हुँदा र यहाँका बासिन्दाहरू खासगरी तल्ला वर्गका शैक्षिक योग्यता र विशेष सीप नभएका मानिसहरूले उपयुक्त किसिमको रोजगारीको अपेक्षा राखेको देखिन्छ।

धापाखेलमा श्री कृष्ण उच्च माध्यमिक विद्यालयको छिमेकीको रुपमा टेवाको भवन निर्माण ताकाको समय सम्झना गर्न मन लाग्यो। त्यति बेला धापाखेलमा अहिलेजस्तो मानिसहरूको चहलपहल थिएन। टेवा भवनको शिलान्यास हुँदा शहरबजारमा देखिने उच्चवर्गीय समूहका जस्ता मानिसहरूको जमघट हुँदा धापाखेलबासीलाई उक्त भेला तथा जमघट के को लागि होला भन्ने कौतुहल लाग्नु स्वभाविक नै हो। त्यस मध्यमा म पनि एक थिए। बुझ्दै जाँदा यहाँका स्वयम्सेवी महिलाहरूको क्रियाकलापबाट टेवा एउटा अत्यन्त सामाजिक सेवाबाट उत्प्रेरित भएको संस्था रहेछ र यसले नेपालका विभिन्न जिल्लाहरूमा रहेका संगठित महिलाहरूलाई अनुदान सहयोग गरेर टेवा पुऱ्याउँदै आएको कुरा थाहा पाए। यस संस्थाको सस्थापिका रीता थापाको यस प्रकारको संस्था स्थापना गर्ने परिकल्पना गरेर नेपाली महिलाहरूलाई लाभान्वित गराई दिनुभएकोमा उहालाई जति धन्यबाद दिए पनि कम नै हुनेछ। साथै वहाँको पहल कदमीलाई यथेष्ट सहयोग पुऱ्याउने महानुभावहरू पनि धन्यवादको पात्र हुनुहुन्छ।

त्यस संस्थाले हामीलाई पुऱ्याएको आर्थिक सहयोगको लागि आभार प्रकट गर्दछौं। हामीप्रति व्यक्तिगत रुपमा चासो राख्नु हुने टेवाका संस्थापिका रीता थापा वर्तमान अध्यक्ष म्यागी शाहप्रति पनि कृतज्ञता व्यक्त गर्दछौं।

(जम्बुबती के.सी., श्री कृष्ण उ. मा. विद्यालय, धापाखेल, ललितपुरका प्र. अ. हुनुहुन्छ।)

# जीवन वृत्तान्त अनुभव र साथी

**गोमा पौडेल**
अध्यक्ष, जनजागरण महिला संघ

मेरो जन्म मिति २००७/३/२१ गतेका दिन पिता हरिलाल पराजुली र माता दिल माया पराजुलीको कोखबाट भएको हो। मेरो बाल्यवस्था मातापिताको माया पाएर नै बित्यो भने जब मेरो उमेर ३ वर्षको पुगेपछि मेरो पिता हरिलाल पराजुलीको मृत्यु भयो र बुवा बितेपछि मेरो जीवन दिन प्रतिदिन एक्लो र कारुणिक अवस्थामा ढल्यो। यसै क्रममा जब म ५ वर्षको भए त्यस पछि गाउँघरका दाजु भाई दिदीबहिनीहरू स्कूल गएको देख्दा पढ्ने रहर ममा पनि जाग्न थाल्यो। तर गाउँघरको हेला र पिडाले गर्दा मैले स्कूल पढ्ने अवसर पाउन सकिन। घरको आर्थिक अवस्था र मेरो आमाको अन्धो अवस्थाले गर्दा मैले स्कूल पढ्ने अवसर प्राप्त गर्न सकिन। मैले मेरो जीवनको केही भाग अन्धो आमाको स्याहार सुसार र घरको कामधन्दाले गर्दा नै मेरो जीवनको केही समय बित्यो भने अलिकति उमेर बढ्दो क्रममा जब म १२ वर्षको पुगे त्यसपछि गाउँघर लगायत मेरा ईष्टमित्रहरूबाट पनि बिवाहको लागि प्रस्ताव आउन थालेको कारणले गर्दा र घरको नाजुक र बेसाहारा भएका कारणले गर्दा मेरो बिवाहको लागि निधो गरियो। २०३२ साल जेठ महिनामा मेरो बिवाह पर्वत म्याग्दी भन्ने ठाउँमा जन्मिनु भएका भोजराज शर्मा पौडेलसँग मेरो बिवाह भयो। जिवन बिताउने सिलसिलामा २०३५ सालमा पर्वतबाट वर्दियाको सौरहवा गा.वि.स. वडा नं. ८ मा बसाई सरियो। पछि वडा नं. ७ मा बसाई सरियो।

सौरहवामा बसोवास गर्ने क्रममा मेरो मनमा केही गरौं भन्ने भावना जागेर आयो। गाउँघरमा भएका साना बालबालिकाहरूलाई पनि पढ्न प्रेरित गर्थे। त्यस क्रममा ममा पनि पढ्नुपर्छ भन्ने भावना जागेर गाउँघरमा रहेका असहाय महिला दिदी बहिनीहरूलाई साक्षर बन्नको लागि प्रेरित गरे। महिला दिदी बहिनीहरूको सहयोगबाट मैले ३२ जना महिलाहरू सहभागी बनाई त्यहीको शिक्षित व्यक्ति खोजी अध्ययन गर्न तिर लागियो। ममा झन् हौसला भयो। विभिन्न किसिमका भनाईहरू मैले खानुपर्थ्यो तर त्यसको प्रवाह नै नगरी निरन्तर लागि रहे। भन्ने गर्थे अब पढेर के गर्छे। त्यसको पछि लागेर घरको काम कसले गर्छ। पोथी बासेको राम्रो हुँदैन। आदि कुराबाट मलाई पिडा दिन्थे तर हामी महिला एक हुनुपर्छ परिवर्तनका लागि भनेर सबै महिलाले साथ दिन्थे। २०४६ साल फागुन महिनाको कुरा हो यो।

यसरी प्रौढ शिक्षा पढ्ने क्रममै म त्यस समूहमा प्रथम भएकी थिए। मेरो यस किसिमको हौसलालाई एवं प्रगतिमा सहयोग पुऱ्याउन महिला दिदीबहिनीहरूले उत्साहित बनाउँथे। यसै गरी शिक्षा प्राप्त गर्दा हामीहरूमा जनचेतना फैलियो जुन सफलता मिल्यो हामीहरूमा उत्साह उमंगसँगै मेरो नेतृत्वमा संस्था खोल्नु पर्छ भन्ने भनाई राखे। सबै महिलाहरूले हुन्छ, हामी अशिक्षित महिलाहरूले शिक्षित बन्दै समाजसुधारका कामहरू गर्नुपर्छ भन्ने कुरामा सहमति भयो। तिनै ३२ जना महिलाहरूबाट समूह गठन गरी मलाई त्यसको अध्यक्ष चुनियो। २०५६/४/५ गते जनजागरण महिला संघ नामाकरण गरि संस्था खोलियो। महिला दिदी बहिनीहरूले मलाई धेरै सहयोग र सम्मान देखाउनुभएको छ। त्यसको लागि म धेरै आभारी छु, जुन कि बिहानदेखि बेलुकीसम्मको कामकाज भ्याएर हातमा चकटी र कापी कलम लिएर टुकी बत्तीको साहरामा नियमित पढनुपर्छ भन्ने भावना बोकेर आएकोमा, साथै मलाई पनि पूर्णरुपमा हातेमालो गर्दै साथ दिएकोमा। फलस्वरुप २०५६ सालमा भैलो कार्यक्रम संचालन गऱ्यौ जुन कार्यक्रमबाट हामीहरूलाई झनै अगाडी बढ्ने प्रेरणा मिल्यो। जुन मेरो मातहतमा भएको थियो। जिल्ला भरिनै हामीहरूको चर्चा चल्न थाल्यो। भैली कार्यक्रमबाट प्रथम भएर गा.बि.स. र घरेलुले हाम्रो संस्थालाई सहयोग अनुदान दियो। जुन रकम बेमौसमी तरकारी खेती सिलाई कटाई आदी कार्यक्रमको लागि बिनियोजन गऱ्यौ। यस्ता महिला दिदी बहिनीलाई गऱ्यौ जुन दुखी पिडित रहेका सौरहवा गा.बि.स. वडा नं ५ पर्दथ्यो। हामीहरूको काम र तौर तरिकाबाट प्रभावित हुँदै मलाई धैरै ठाउँबाट बधाई एवं शुभकामना दिन्थे। विभिन्न संघ-संस्थाहरूले हौसला प्रदान गर्दथे। पश्चिम, तराई, गरिबी निबारणले पनि हाम्रो संस्थालाई मेरो पहलमा रकम निष्काशन गऱ्यो। जसबाट हामीहरूमा समाज सुधारक कार्यप्रति बढी नै सक्रियता बढ्न गयो। यसपछि मेरो अध्यक्षतामा ५० जना महिलाहरूलाई सहभागिता हुन पुग्यो। अब हामी बढि नै अग्रसर भई सोधपुछ गरी विभिन्न संघ-संस्थामा गई बुझ्नुपर्छ भन्ने क्रममा म थारु महिला उत्थान केन्द्र गएँ। त्यहाँ जाँदा त्यस संस्थाबाट टेवा संस्थाको बारेमा जानकारी पाएँ। जुन महिलाको हितको लागी अग्रणी संस्थाहरू भन्ने बुझे। एउटा फर्म लिई फर्म भरेर संस्थाको कागजात सहित काडमाडौं पठाएँ। पठाउँदा प्रयोजन पास भई मलाई टेवा संस्थाबाट मोनि लिम्बुज्यूले फोन गर्नुभएको थियो। हाम्रो गाउँमा फोन नभएकोले र पिछडिएको गा. वि. स. भएकोले फोन अर्को गा. वि .स. मा थियो। जे भए पनि खबर पाएर गएँ। त्यहाँ गएर फेरी फोन गर्दा मैले जानकारी पाएँ हजुरको संस्थालाई रु. ४०,००० (चालिस हजार)

अनुदान दिइएको छ भन्दा म साह्रै खुशी भए र गएर दिदीबहिनीहरूलाई भोली पल्ट सहभागी गराई टेवा संस्थाबाट रकम निकासा भएको जानकारी गराएँ। यो कुखुरापालनको अनुदान पाएकोमा हामी दिदीबहिनीहरूको खुशीको सिमा रहेन। दिदीबहिनीहरू टेवा संस्था कस्तो रहेछ भनेर यहाँको सबै वस्तुस्थितीको जानकारी पाउन आतुर देखिन्थे। टेवा संस्थाबाट पनि छानिनु भएको रहेछ भनि विभिन्न संघ-संस्थाहरू खुसी भई प्रेरणा एवं हौसला प्रदान गर्दथे।

यसैगरी विविध समाजसेवी काम गर्ने क्रमसँगै बर्दिया जिल्लामा मेरो व्यक्तिगततर्फबाट विकट पिछडिएका असक्त दाजुभाई दिदीबहिनी, साना बालबालिकाहरूलाई रेडक्रस मार्फत् मोतीबिन्दु र उल्टो परेला सम्वन्धी जिम्मा लिने मौका पाएँ। त्यस ठाउँबाट ११३ जना व्यक्तिहरूलाई लगी मोतीबिन्दु र उल्टो परेला सम्बन्धी उपचार गराउनमा सहयोग गरें। जुन अहोरात्र सहयोगको प्रतिफल स्वरुप मलाई रेडक्रसबाट साईकल प्रदान गरियो। २०६१ सालतिर रेडक्रसले मलाई कोषाध्यक्षमा पनि नियुक्त गरेको थियो। घरिघरी मलाई खिन्न लाग्छ मैले धेरै पढ्न पाएको भए...। तर म हिम्मत नहारी निरन्तर रुपमा सामाजिक सेवामा जुटिरहे। धेरै व्यक्तिहरूलाई आँखा सम्बन्धित सेवाहरूका उपचारमा महत्वपूर्ण भुमिका निर्वाह गरेकोमा २०६२ साल भदौ १६ गते रेडक्रसबाट सुनको तक्माबाट सम्मान गरेको थियो। यति ठूलो सफलता घेरै असाक्षर महिला दिदीबहिनीहरूलाई प्रेरणा, सहयोग, हौसला प्रदान गरी अगाडि बढ्न पहल गर्नुभयो। म घरको बिविध समस्याका बावजुद पनि सामाजिक कार्यमै तल्लिन भईरहें।

त्यसैगरी टेवा संस्थाबाट पाएको रु ४०,००० कुखुरापालनको लागि ४ समूह बनाई एक समूहमा ५ जना रहने गरी विनीयोजन गरियो। कुखुरा पालनबाट राम्रो आम्दानी भयो। जुन अरु संस्थाहरूको भन्दा राम्रो आयआर्जन बन्न पुग्यो र अरुको मुख ताक्नु परेन भन्ने गर्दथे। चाडपर्व अन्तर्गत विशेषगरी तिजमा लाउनुपर्ने आफ्नो लागि सामान भनी रुपैयाँ माग्दा बुठो छ र टिपेर दिउला भन्थे र हप्कीदप्की खानुपर्थ्यो आफ्नो रहर ईच्छाहरू मारेर बस्नुपर्थ्यो। तर टेवाबाट सेवा पुग्यो। जुन हाम्रो मेहनतबाट आम्दानी प्राप्त गर्न सक्यौ। गर्भवती महिलाहरू पनि आफ्नो आम्दानीबाट आफ्नो स्वास्थ्य परीक्षण गर्नसक्ने भए। बालबच्चा पनि कापी किताब कलम आदी किन्छु भन्दा अरुनै आम्दानीबाट दिन सक्ने हुन गए। यसले महिलाहरूको क्षमता वृद्धिमा टेवा पुगेको जानकारी गराउँछ। आफ्नो आम्दानीबाट समस्या पर्दा सुखको अनुभूती गरेका छन्। यस्तो कार्य मैले पनि हातेमालो गर्न पाएँ। त्यसैले यस टेवा संस्थालाई धन्यवाद दिनको लागि म २०६२ मंसिर १५ गते टेवा संस्थाको अफिसमा पुगे। त्यहाँ पुग्दा अति नै ठूलो सम्मान सिस्टता र विनयीभाव प्राप्त गरैं। जुन मेरो व्यवहारमा ल्याउन चाहन्छु र जीवन्त प्रयन्त गरिरहन्छु। त्यहाँ महिलाहरूको पहलमा अफिसको भवन बनिरहेको थियो। त्यो क्षेत्र महिलाहरूबाट पनि यति ठूलो काम हुँदोरहेछ भनि अचम्म लाग्यो साथै उत्प्रेरणा मिल्यो। हामीहरू पनि के गर्न सक्दैनौ र ? जसको फलस्वरुप क्षमता वृद्धि हुनुको यस अवस्था सम्म आईपुग्नमा टेवाको महत्वपूर्ण भुमिका रहेको जानकारी गराउँदछ। साथै महिलामा हुँदै आएको अन्याय बिसंगती र कुरिती विरुद्ध महिलाहरूलाई सचेत गराउँदै समाजमा जनजागरण गराउने उद्देश्यले स्वच्छ समाजको संरचनामा सघाउ पुऱ्याउन र महिलाहरूलाई आफनो हक अधिकार प्राप्तिको निम्ति म लगायत जनजागरण महिला संघमा आबद्ध महिलाहरूले रचनात्मक काम मार्फत् अगाडी बढ्ने कुरामा प्रण गर्दछौं। म आफ्नो जीवनको हरेक पल यस कार्यमै समाहित गर्ने कुरामा पनि बिश्वास दिलाउन चाहन्छु। आगामी दिनहरूमा हामी जस्तै पिछडिएका महिला दिदीबहिनीहरूलाई पनि अरु थप कार्यक्रमहरू दिनहुन पनि हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा, टेवाको सेवा देशको कुनाकाप्चा, कन्दरा, अशिक्षा, अन्धकार, पिडा आदीमा दियो बनि पुगोस् यही मेरो शुभ-कामना छ।

(गोमा पौडेल, जनजागरण महिला संघ, सौरहवा गा.बि.स. ७, बर्दियाका अध्यक्ष हुनुहुन्छ।)

# टेवालाई बुझ्दा

**गोदावरी खड्का**
अध्यक्ष, नारी उत्थान केन्द्र

म मा सानैदेखि महिलाहरूको हकहितको लागि काम गर्ने भावना थियो। २०५६ साल ६/१६ गते नारी उत्थान नामको संस्था खोले। यस संस्थाको मुख्य उद्देश्य समाजमा रहेका महिला, दलित वर्गहरूको उत्थान गर्नु हो। खासै धेरै शिक्षा हासिल नभएता पनि मानिस पढेर भन्दा पनि परेर अनुभव गर्छन् भन्ने म मा विश्वास थियो। त्यसैले विभिन्न संघ-संस्थाका व्यक्तिहरूसँग संस्थाको बारेमा बुझ्दै जान्थे। आफ्नो संस्थालाई कसरी अगाडी बढाउने सोचमा सधैं रहन्थे।

यसै बेलामा टेवाको नाम सुनेर टेवा बारेमा जान्ने र बुझ्ने कौतुहल जाग्यो। टेवाले आर्थिक स्थितीबाट पछाडि परेका महिलाहरूलाई अनुदान दिने र उनीहरूको हकहितको लागि सेवा गर्ने रहेछ। मेरो सपना देखी, टेवामा परियोजना पठाउन बिराटनगरको धिरीदाईबाट थाहा पाए। सो अनुरुप टेवाले लक्षित समूहमा आई अध्ययन गर्दा आवश्यक महशुस गरि रु. ४२,५०० अनुदान रकम पाईयो। सो रकमबाट दलित महिलामा ११ वटा बंगूर र जनजातीमा १६ वटा बाख्रा बितरण गरेम्। त्यसले अहिलेसम्म २०५ जनाले लाभ गरेका छन्।

टेवाले सधैं भरी प्रगति उन्नती गरोस् भविष्यमा टेवाले अझ राम्रो कामहरू गरेर आफ्नो नाम संसार भरी नै फैलीयोस् भन्ने चाहना नारी उत्थान केन्द्रको छ। नारी उत्थान केन्द्रकी सदस्य सुष्मा खड्काले पनि अर्थ संकलनको लागि स्वयंसेवीको काम गर्दै आइरहेकी छिन् टेवाको काम र कर्तव्यलाई बुझेर नै होला। म गोदावरी खड्का टेवा प्रति आभारी छु। आजसम्म हाम्रो नारी उत्थान केन्द्र ५ देखि ७ वटा संस्थामा आबद्ध भै काम गर्दै आइरहेको छ। कुनै महिलाले खानेपानीको ट्याङ्की बनायो, कुनै बर्ष साना सिंचाई सम्पन्न गरेम् कहिले हामी महिला माथि हुने सबै प्रकारका हिंसा अन्त्य गर्न अभियान चलाएम् कहिले एड्स दिवस संघ-संस्थासँग मिली मनाएम् तर पनि पहिलो पटक नारी उत्थान केन्द्रलाई बिश्वास गरी २०६१ साल आषाढ महीनामा यति ठूलो धनरासी दिएर पिछडिएका महिला, दलित, जनजातीको उत्थान गर्दै आइरहेको छ टेवा। टेवालाई म गोदावरी खड्का सकारात्मक दृष्टीकोणले हेर्छु र हाम्रो नारी उत्थानलाई पनि सकारात्मक ढंगाले हेरी रहनु भन्दछु। नारी उत्थान केन्द्र कि अध्यक्ष गोदावरी खड्का सधैं भरी टेवाको शुभचिन्तक हो भन्ने विश्वास दिलाउन चाहन्छु।

(गोदावरी खड्का, नारी उत्थान केन्द्रका अध्यक्ष हुनुहुन्छ।)



# हाम्रो हेराईमा टेवा संस्था

**सीता शर्मा**
नारी बिकास संघ

नेपाली गैरसरकारी संस्थाहरुको नाम मध्ये टेवा संस्था एउटा उदाहरणको रुपमा प्रस्तुत हुने संस्था हो। कुशल नेतृत्व शैली, व्यवस्थापकीय क्षमता र बलियो संबन्ध बिस्तार गरी छोटो समयमा नै महत्वपूर्ण फड्को मार्न सक्षम भएको छ। स्रोत निर्माण र परिचालन गर्न बाह्य सहयोग मात्रै ठूलो कुरा होईन, आफ्नै देश गाउँघर र समाजमा पनि राम्रो कामको सहयोगका लागि दाताको रुपमा बिभिन्न व्यक्ति वा संघसंस्थाहरु प्राप्त हुन सक्तछन् भन्ने कुरा टेवाको हातेमालो कार्य र अर्थ-संकलन कार्यक्रमहरूको उदाहरणहरूबाट सिक्न सकिन्छ। यो नेपाली संस्थाहरुका लागि ज्यादै महत्वपूर्ण कुरा हो। व्यक्तिगत तथा संस्थागत सहयोग, स्वयंसेवी भावनाको उच्चतम रुपमा सम्मान र कदर गरी हरेक व्यक्ति वा संस्थाहरुलाई टेवा प्रतिको सकारात्मक भावना अभिवृद्धि गर्न सफल संस्थाको रुपमा यस संस्थालाई लिन सकिन्छ। दिगो संस्थागत बिकास र आत्मनिर्भर बन्न हरेक नेपाली गैरसरकारी संस्थाले स्थानिय स्रोत निर्माण र परिचालन गर्न टेवाका सकारात्मक पक्षहरुको अनुशरण गर्नैपर्दछ।

टेवा संस्था धेरै नेपाली गैरसरकारी संस्थाहरुको सहयात्री संस्थाहरू मध्ये नारी बिकास संघ पनि एउटा सहयात्री संस्थाको रुपमा रहेको छ। यस संस्थाले नारी बिकास संघसँग मिलेर बिगतका दिनहरुमा बिपन्न, पछाडि पारिएका समुदायका महिलाहरुको क्षमता अभिबृद्धि, सिप बिकास र आय आर्जन गर्ने कार्यमा झापाको गरामनी र दमक, मोरंगको उर्लाबारी र बनिगामा जस्ता पछाडि परेका समुदायमा कार्य गरेको छ। यसरी नै नारी बिकास संघले पनि टेवाको संस्थागत बिकासका पाईलाहरुमा एउटा ईटा थप्ने कार्यमा सहयोग पुऱ्याउन सकेको छ। यस प्रकारका सहयोग आदानप्रदान कार्यले संस्थागत संबन्ध बढ्नुका साथै आन्तरीक स्रोत निर्माण र परिचालन गरी संस्थालाई आत्मनिर्भरता तर्फ अग्रसर गराउन सकिने बिश्वास गर्न सकिन्छ। यस प्रकारका कार्यले संस्थालाई दीर्घकालसम्म सामाजिक बिकास कार्यमा लागिरहन अभिप्रेरित गरिरहन्छ।

अन्त्यमा, आवाज बिहिनहरूका आवाजलाई बुलन्द पार्न, सामाजिक रुपान्तरणको सम्वाहक बनेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा एक दिगो सहयोगी नेपाली संस्थाको रुपमा टेवा स्थापित हुनसकोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।

(सीता शर्मा नारी बिकास संध, केन्द्रीय कार्यालय, बिराटनगर सगँ आबद्ध हुनुहुन्छ।)